Food and Agriculture
Organization of the
United Nations

CFS
Committee on
World Food
Security

# राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा भूमि,मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्था सम्बन्धी

# स्वैच्छिक निर्देशिकाहरु



यो दस्तावेज विश्व खाद्य सुरक्षा समिति (सी.एफ.एस.)को नेतृत्वमा विभिन्न मुलुकहरु, अन्तर्राष्ट्रिय संगठनहरु, नागरिक समाज, निजी क्षेत्र, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु, कृषिक्षेत्रमा शोध अनुसन्धान गर्ने संस्थाहरु र मानवीय सहायताको क्षेत्रमा काम गर्ने संस्थाहरुको सहभागितामा गरिएको बहुसरोकारवालाहरु संगको वार्तालाभबाट तयार पारिएको राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्था सम्बन्धी स्वैच्छिक निर्देशिकाहरुको नेपाली रुपान्तरण हो । यी निर्देशिकाहरुलाई विश्व खाद्य सुरक्षा समिति (सी.एफ.एस.) ले सन् २०१२ मे मा अनुमोदन गरेको थियो ।

# राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा भूमि,मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्था सम्बन्धी

# स्वैच्छिक निर्देशिकाहरु

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन
रोम, २०१६

यसमा प्रयुक्त विषय तथा सामाग्रीहरूको प्रस्तुतीकरणले कुनै पनि राष्ट्रको कानुनी वा विकासको स्तर, यसको भु-भाग, नगर वा अन्तरगतका क्षेत्र वा सीमा वा घेरा निर्धारणका बारेमा संयुक्त राष्ट्र संघ खाद्य तथा कृषि सगंठनको धारणा अभिव्यक्त भएको मानिने छैन। सम्बन्धित कम्पनी वा निर्माताबाट सर्वाधिक सुरक्षित भए वा नभएका तर यस दस्तावेजमा उल्लेख भएका विषयवस्तु तथा सामग्रीहरू संयुक्त राष्ट्र संघ खाद्य तथा कृषि संगठनबाट मान्यता दिएको वा सिफारिस भएको मानिने छैन ।

यस सूचना सामग्रीमा अभिव्यक्त धारणाहरू स्वयं लेखकको हो र यसले एफएओको धारणा वा नीतिलाई प्रतिविम्बित गर्छ नै भन्ने छैन ।

ISBN 978-92-5-007277-7

© एफएओ, २०१२ (अङ्गेजी संस्करण)
© एफएओ, २०१६ (नेपाली संस्करण)

यस दस्तावेजमा उल्लेखित जानकारी तथा विवरणहरूको प्रयोग गर्न छायाँप्रति निकाल्न र प्रचार प्रसार गर्न खाद्य तथा कृषि सगंठन सबैलाई प्रोत्साहन गर्दछ । प्रतिलिपि अधिकारमा उल्लेख गरिएको अवस्थामा बाहेक यस दस्तावेजमा उल्लेखित जानकारी तथा विवरणहरू श्रोत उल्लेख गरी व्यापारिक प्रयोजन बाहेक व्यक्तिगत अध्ययन, अनुसन्धान र अध्यापन कार्यका लागि उपयोग गर्न सकिनेछ तथा दस्तावेज सम्वन्धी उपभोगकर्ताको अभिव्यक्ति वा सेवा वा उत्पादनबारे खाद्य तथा कृषि सगंगठनको कुनै संलग्नता हुने छैन ।

अनुवाद र अनुकरण गर्ने तथा पुन: बिक्री र अन्य व्यापारिक अधिकारका लागि www.fao.org/contact-us/licence-requestमार्फत वा copyright@fao.org मा अनुरोध गर्न सकिनेछ ।

खाद्य तथा कृषि सगंगठनबाट उत्पादित सूचनामूलक सामाग्रीहरू यस सगंठनको वेबसाइट www.fao.org/publications मा पाउन सकिन्छ भने publications-sales@fao.org मार्फत खरीद गर्न सकिनेछ ।

# विषय -सूचि


प्राक्कथन ४

१ प्रारम्भिक ७

१. उद्देश्यहरु ७
२. प्रकृति र क्षेत्र ८

२ सामान्य विषयवस्तु ९

३. भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्थाका निर्देशक सिद्धान्तहरु ९
३ (क) सामान्य सिद्धान्तहरु ९
३ (ख) कार्यान्वयनका सिद्धान्तहरु ०
४. भोगचलन र स्वामित्व सम्बन्धी अधिकार तथा कर्तव्यहरु ११
५. भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी नीतिगत, कानुनी तथा संगठनात्मक संरचना १३
६. सेवा प्रवाह १४

३ भोगचलन र स्वामित्वको अधिकार तथा कर्तव्यहरुको कानुनी मान्यता तथा वितरण १७

७. सुरक्षणहरु १७
८. सार्वजनिक जग्गा, मत्स्यक्षेत्र तथा वनजंगल १८
९. प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली रहेका आदिवासी, जनजाति र अन्य समुदाय २०
१०. अनौपचारिक भोगचलन, स्वामित्व र अधिकार २२

४ भोगचलन र स्वामित्वको अधिकार एवम् कर्तव्यहरुको हस्तान्तरण तथा अन्य परिवर्तनहरु २३

११. बजार २३
१२. लगानी २४
१३. जग्गा एकीकरण तथा पुनर्समायोजन सम्बन्धी अन्य विधिहरु २६
१४. पुनर्प्राप्ति (फिर्ता) २७
१५. पुनर्वितरणात्मक सुधार २८
१६. अधिग्रहण तथा क्षतिपूर्ति २९

५ भोगचलन, स्वामित्व र अधिकारको प्रशासन ३१

१७. भोगचलनर स्वामित्वको अधिकारको अभिलेख ३१
१८. मूल्याङकन ३२
१९. कर सम्बन्धी व्यवस्था ३३
२०. नियमबद्ध भू उपयोग योजना ३३
२१. भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी विवादहरुको समाधान ३४
२२. अन्तरदेशीय सवालहरु ३५

६ जलवायु परिवर्तन र संकटको सम्बोधन ३७

२३. जलवायु परिवर्तन ३७
२४. प्राकृतिक प्रकोपहरु ३७
२५. भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारसँग सम्बन्धित द्वन्द्वहरु ३८

७ प्रबर्द्धन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ४१

# प्राक्कथन

यी स्वेच्छिक निर्देशिकाहरुको मुख्य उद्देश्य भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्थामा सुधार गर्दै राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा सबैका लागि खाद्यसुरक्षाको बृहद लक्ष्य हासिल गर्न र उपयुक्त खाद्यमा अधिकारको बढोत्तरी हुँदै गएको अनुभुति दिलाउन सहयोग गर्ने कार्यका लागि सन्दर्भ सामाग्रीको रुपमा योगदान पुऱ्याउनुका साथै मार्गदर्शन उपलब्ध गराउनु हो ।यी निर्देशिकाहरु दिगो विकासको सिद्धान्तमा आधारित रही भोकमरी र गरिबी निवारण गर्न विश्वव्यापी तथा राष्ट्रियस्तरमा भएका प्रयासहरुलाई योगदान पुऱ्याउन र भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि भोगचलन एवम् स्वामित्वको अधिकारको सुरक्षा र समतामूलक पहूँचको प्रवर्द्धन गर्दै भूमि नै विकासको मूल आधार भएको कुराको मान्यता दिलाउन तर्फ लक्षियत छन ।

भोकमरी तथा गरिबीको उन्मुलन र वातावरणको दिगो उपयोग जनता, समुदाय र अन्यले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमा कसरी पहुँच प्राप्त गर्दछन भन्ने कुरामा व्यापक रुपमा निर्भर गर्दछ । धेरैजसो जनताहरु, विशेषगरी ग्रामीण क्षेत्रका गरीब जनताहरु, को जीविका यी स्रोतहरुमाथिको सुरक्षित एवम् समतामूलक पहुँच तथा नियन्त्रणमा आधारित रहेको हुन्छ । ती (भूमि, मत्स्यक्षेत्र र वनजंगल) गाँस र बासका श्रोत; सामाजिक, साँस्कृतिक तथा धार्मिक अभ्यासहरुका आधार; र आर्थिक वृद्धिका मूल तत्वहरु हुन् ।

महत्वपूर्ण रुपले ध्यान दिनु पर्ने कुरा के छ भने भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्था अन्य प्राकृतिक स्रोतहरु जस्तै पानी तथा खनिजका स्रोतहरुमाथिको पहुँच र तिनको व्यवस्थापनसँग घनिष्ठ रुपमा जोडिएको हुन्छ । राष्ट्रिय सन्र्दभमा यी प्राकृतिक स्रोतहरुको व्यवस्थापन सम्बन्धी विभिन्न पद्धति तथा व्यवस्थाहरु रहेको तथ्य स्वीकार गर्दा राज्यहरुले यी सम्बद्ध प्राकृतिक स्रोतहरुको विद्यमान शासन व्यवस्थालाई यी निर्देशिकाहरुको कार्यान्वयनको क्रममा उपयुक्तता अनुसार ध्यानमा राख्न सक्छन ।

भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथिको पहुँच व्यक्ति, समुदाय र अन्यले कसरी प्राप्त गर्दछन् भन्ने कुरा भोगचलन, स्वामित्व र अधिकारको प्रणाली माफर्त समाजले परिभाषित र नियमन गर्दछ । यी भोगचलन, स्वामित्व र अधिकारको प्रणालीहरुले कसले कुन श्रोत, कहिलेसम्म र कुन शर्तमा प्रयोग गर्न पाउँछन् भन्ने कुराको निर्धारण गर्दछन । यस्तो प्रणाली लिखित रुपमा नीति तथा कानुनमा वा अलिखित प्रथा एवं अभ्यासहरुमा आधारित रहेको हुन सक्दछ ।

वातावरणीय ह्रास तथा जलवायु परिवर्तनको कारणले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको उपलब्धता घटँदै जाने हुँदा विश्वको बढ्दो जनसंख्यालाई चाहिने खाद्य सुरक्षामा पनि भोगचलन, स्वामित्व र अधिकारको प्रणालीले निरन्तर दबाब खेप्दै आइरहेको छ । जब प्रतिस्पर्धी उपभोक्ताहरु यी स्रोतहरुमाथिको नियन्त्रणका लागि संघर्ष गर्छन, अपर्याप्त र असुरक्षित भोगचलन र स्वामित्वको अधिकारले जोखिम, भोकमरी र गरिबी बढाउदै लान्छ र यसले द्वन्द्व एवम् वातावरणीय ह्रास तर्फ उन्मुख गराउन सक्छ ।

भोगचलन, स्वामित्व र अधिकारको शासन प्रणाली जनता, समुदाय र अन्यले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको प्रयोग र नियन्त्रण गर्ने अधिकार तथा संबद्ध जिम्मेवारी कसरी प्राप्त गर्न सक्छन् भन्ने कुरा निर्धारण गर्ने एउटा महत्वपूर्ण तत्व हो । भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी धेरै जसो समस्याहरु कमजोर शासन व्यवस्थाका कारण सिर्जित हुन्छन भने त्यस्ता समस्याहरु सम्बोधन गर्ने प्रयासलाई शासन प्रणालीको गुणस्तरीयताले प्रभाव पार्दछ । कमजोर शासन व्यवस्थाले सामाजिक स्थिरता, वातावरणको दिगो उपयोग, लगानी र आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पार्दछ । भोगचलन एवम् स्वामित्व सम्बन्धी अधिकारको अनुचित अभ्यास वा कार्यान्वयन गने ´ निकायहरु उक्त अधिकारको संरक्षण गर्न असफल हुँदा वासस्थान, भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन एवम् स्वामित्वको अधिकारबाट वञ्चित हुनगई जनताहरु जीवनभर भोक र गरिबीमा जीउन बाध्य हुन सक्छन् । जब भोगचलन, स्वामित्व तथा अधिकार सम्बन्धी कमजोर शासन व्यवस्था हिंसात्मक द्वन्द्वतर्फ उन्मुख हुन्छ, त्यसबाट जनताहरुले ज्यान समेत गुमाउनु पर्ने हुनसक्छ । यसको ठीक विपरित भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्थाले दीगो आर्थिक तथा सामाजिक विकासलाई प्रबर्द्धन गर्छ जसबाट गरिबी र खाद्य असुरक्षा उन्मुलन गर्न सहयोग पुग्नुका साथै उत्तरदायी लगानीलाई समेत प्रोत्साहन मिल्छ ।

व्यापक रुपमा बढ्दो चासोलाई मध्यनजर गरी संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन तथा यसका साझेदारहरुले भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी जिम्मेवारपूर्ण शासन प्रणाली सम्बन्धी निर्देशिका तर्जुमाको थालनी गरेका थिए । उक्त थालनीले मूर्तरुप लियो र यसले सन् २००४ नोभेम्बरमा विश्व खाद्य तथा कृषि संगठन परिषदको १२७ औं सत्र र भूमिसुधार तथा ग्रामीण विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, २००६ (आइ.सि.ए.आर.आर.डी.) द्वारा अनुमोदित *राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा उपयुक्त खाद्यका लागि अधिकारमा बढोत्तरीको अनुभूति दिलाउन सहयोग गर्ने सम्बन्धी स्वेच्छिक निर्देशिकाहरु (खाद्य अधिकार सम्बन्धी स्वेच्छिक निर्देशिकाहरु)* लाई टेवा पुऱ्याउँछ । विश्व खाद्य सुरक्षा समिति (सी.एफ.एस.) को सन् २०१०, अक्टोबरमा भएको ३६औं बैठकले यी निर्देशिहरुको समावेशी प्रकृयाद्वारा तर्जुमा गर्ने प्रक्रियालाई छलफलका लागि आफू (सी.एफ.एस.) समक्ष पेश गर्ने आशयका साथ निरन्तरता दिन प्रोत्साहित गऱ्यो र निर्देशिकाहरुको पहिलो मस्यौदाको पूनरावलोकन गर्न खुला कार्य समूह गठन गर्ने निर्णय गऱ्यो ।

यी निर्देशिकाहरुले जिम्मेवारपूर्ण अभ्यासहरुको लागि सिद्धान्त तथा अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य मापदण्डहरु स्थापित गर्ने गरी खाद्य तथा कृषि संगठनद्वारा तर्जुमा गरिएका अन्य स्वैच्छिक संयन्त्रहरु जस्तै *खाद्य अधिकार सम्बन्धी स्वैच्छिक निर्देशिकाहरु; मत्स्यक्षेत्रको जिम्मेवारपूर्ण उपभोग सम्बन्धी आचारसंहिता; बिषादीको वितरण तथा प्रयोग सम्बन्धी अन्तर्राष्ट्रिय आचारसंहिता; वृक्षारोपण गरी विकास गरिएका वनजंगलको जिम्मेवारपूर्ण व्यवस्थापनः स्वैच्छिक निर्देशिकाहरु; र अग्नी व्यवस्थापन सम्बन्धी स्वेच्छिक निर्देशिकाहरुः सिद्धान्त र रणनीतिक कृयाकलाप*को ढाँचालाई अत्यन्त निकट ढंगबाट अनुसरण गरेको छ । यी संयन्त्रहरु सापेक्षिक रुपमा संक्षिप्त दस्तावेजहरु हुन् जसले रणनीति, नीति, कानुन, कार्यक्रम र कृयाकलापहरुको तर्जुमा गर्दा प्रयोग गरिने ढाँचाहरु उपलब्ध गराउँछन् । यी संयन्त्रहरुमा विभिन्न प्रकारका अतिरिक्त दस्तावेजहरु संलग्न छन्, जस्तै विशिष्टीकृत विषयमा आवश्यकता अनुसार प्राविधिक विवरण, तालिम तथा वकालत सम्बन्धी सामाग्री, र कार्यान्वयनमा सहयोगका लागि थप मार्गदर्शन उपलब्ध गराउने परिपूरक निर्देशिकाहरु ।

यी निर्देशिकाहरुलाई ११ मे २०१२ मा सम्पन्न भएको विश्व खाद्य सुरक्षा समितिको ३८ औं बैठक (विशेष) ले अनुमोदन गरेको थियो ।

यी निर्देशिकाहरु खुला कार्य समुहले सन् २०११ को जुन, जुलाई र अक्टोबर तथा सन् २०१२ को मार्चमा सम्पन्न सत्रहरुमा तर्जुमा गरेको थियो । प्रस्तुत निर्देशिकाहरु सन् २००९ देखि २०१० सम्म सम्पन्न भएका समावेशी प्रकृयाको परामर्शहरुमा आधारित छन् । क्षेत्रीय परामर्शहरु ब्राजिल, बुर्किना फासो, इथियोपिया, जोर्डन, नामिबिया, पानामा, रोमानिया, रुसी महासंघ, समोआ र भियतनाममा भएका थिए । ती परामर्श बैठकहरुमा १३३ मुलुकहरुबाट सरकारी तथा गैरसरकारी क्षेत्रहरु, नागरिक समाज र प्राज्ञिक क्षेत्रबाट प्रतिनिधित्व गर्ने करिब ७०० जना सहभागी भएका थिए । विशेषतः नागरिक समाजलाई लक्ष्यित गरी अफ्रिकाको लागि मालि, एशियाको लागि मलेशिया, युरोप र मध्य तथा पश्चिम एशियाको लागि इटाली र ल्याटिन अमेरिकाको लागि ब्राजिलमा सम्पन्न भएका ४ वटा परामर्श बैठकहमा ७० देशका लगभग २०० जना व्यक्तिहरु सहभागी भएका थिए । यसका अतिरिक्त नीजि क्षेत्रसँगको परामर्श बैठकमा २१ मुलुकका ७० भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो । यी निर्देशिकाहरुमा प्रारम्भिक मस्यौदामा विद्युतीय परामर्शको माध्यमबाट प्राप्त भएका प्रस्तावहरुलाई समेत समाविष्ट गरिएको छ । प्रारम्भिक मस्यौदालाई सुधार गर्न विश्वभरिबाट सार्वजनिक तथा नीजि क्षेत्र, नागरिक समाज र प्राज्ञिक क्षेत्रहरुबाट समेत विभिन्न प्रस्तावहरु प्राप्त भएका थिए ।

यी निर्देशिकाहरु मानव अधिकार तथा भोगचलन र स्वामित्वको अधिकारलाई सम्बोधन गर्ने गरी तर्जुमा गरिएका सहस्राब्दी विकास लक्ष्य सम्बन्धी दस्तावेज लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरुसँग सामाञ्जस्यता कायम हुने गरी तर्जुमा गरिएका छन । यी निर्देशिकाहरुका पाठकहरुले भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी प्रणालीमा सुधार गर्न चाहेमा उनीहरुलाई आफ्नो हकमा लागू हुने दायित्व र स्वैच्छिक प्रतिबद्धताको लागि यस्ता संयन्त्रहरुलाई नियमित रुपमा पुनरावलोकन गर्न एवम् अतिरिक्त मार्गदर्शन प्राप्त गर्न प्रोत्साहित गरिन्छ ।

भाग १

# प्रारम्भिक

## १. उद्देश्यहरु

१.१ यी स्वैच्छिक निर्देशिकाहरुले भूमि[1], मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी शासन प्रणालीमा सुधार गर्न खोजेको छ। खाद्य सुरक्षा र उपयुक्त खाद्यान्नमा अधिकारको बढोत्तरीको अनुभूति, गरिबी उन्मुलन, दीगो जीविका, सामाजिक स्थिरता, आवास सुरक्षा, ग्रामिण विकास, वातावरणीय संरक्षण, र दीगो आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्ति सहित सबै मानिसहरु, खास गरी जोखिममा परेका तथा सीमान्तकृत समुदायका मानिसहरुको लाभका लागि यस प्रकारको सुधार गर्न खोजिएको हो । यी निर्देशिकाहरुको कार्यान्वयन गर्ने क्रममा भोगचलन, स्वामित्व र अधिकारको प्रणालीमा सुधार ल्याउन अवलम्बन गरिने कार्यक्रम, नीति र प्राविधिक सहायता मानव अधिकारको विश्वव्यापि घोषणापत्र र अन्य मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज लगायतका अन्तर्राष्ट्रिय कानुन अन्तर्गत राज्यहरुको दायित्व अनुरुप हुनु पर्दछ।

१.२ यी निर्देशिहरुको उद्देश्यः

१. भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको उपयोग, व्यवस्थापन र नियन्त्रण सम्बन्धी अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य अभ्यासहरुका बारेमा मार्गनिर्देश एवम् सूचना उपलब्ध गराई भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्थामा सुधार ल्याउनु,

२. यी स्रोतहरु माथिको भोगचलन र स्वामित्वको अधिकारको मौजुदा अवस्था तथा सोलाई नियमन गर्न विद्यमान नीतिगत, कानुनी र संगठनात्मक ढाँचामा सुधार तथा विकासमा योगदान पुर्‍याउनु,

३. भोगचलन, स्वामित्व र अधिकारको प्रणालीमा पारदर्शिता प्रबर्द्धन गर्नु र कार्यान्वयनमा सुधार ल्याउनु,

४. कार्यान्वयन गर्ने निकाय; न्यायिक निकाय; स्थानीय सरकार; किसान तथा साना उत्पदनकर्ताहरु, माझी र वनजंगल उपभोक्ताहरुको संगठनहरु; गोठालाहरु; आदिवासी तथा अन्य समुदायहरु; नागरिक समाज; नीजिक्षेत्र; प्राज्ञहरु; र भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्थासँग सम्बन्धित अन्य व्यक्तिहरुको क्षमता र कार्यप्रणालीमा सुदृढीकरण गर्नु र उल्लिखित कर्ताहरुका बीचमा सहकार्य प्रबर्द्धन गर्नु,

[1] भोगचलन, स्वामित्व र अधिकारको सन्दर्भमा भूमिको अन्तर्राष्ट्रिय परिभाषा छैन। उक्त शब्दको अर्थ राष्ट्रिय परिपेक्षमा परिभाषित गर्न सकिन्छ।

## २. प्रकृति र क्षेत्र

२.१ यी निर्देशिकाहरु स्वैच्छिक हुन ।

२.२ यी निर्देशिहरुको व्याख्या र कार्यान्वयन गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका मौजुदा दायित्व अनुकूल हुने गरी एवम् संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरु अन्तर्गतका स्वेच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गर्ने गरी गर्नुपर्छ । यी निर्देशिकाहरु मानव अधिकार, भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको सुरक्षित भोगचलन र स्वामितको अधिकारबारे सम्बोधन गर्न राष्ट्रिय, अन्तर्राष्ट्रिय, तथा क्षेत्रीय रुपमा भएका थालनीहरुको परिपूरक तथा सहयोगी र शासन व्यवस्थामा सुधार गर्ने प्रयासहरु हुन । यी निदे िशहरुमा उल्लेखित कुनै पनि कुराले अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका राज्यका दायित्वहरुलाई सीमित वा अन्देखा गरेको मानी अर्थ गरिनु हुँदैन ।

२.३ यी निर्देशिकाहरुलाई राज्य; कार्यान्वयन गर्ने निकाय; न्यायिक अधिकारी; स्थानीय सरकार; किसान तथा साना उत्पादनकर्ता, माझी र वनजंगलका उपभोक्ताहरुको संगठनहरु; गोठालाहरु; आदिवासी जनजाति तथा अन्य समुदायहरु; नागरिक समाज; नीजिक्षेत्र, प्राज्ञिक क्षेत्र;हरु र भोगचलन, स्वामित्व र अधिकारको शासन प्रणालीको मूल्याङ्कन गर्ने र सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने संबद्ध सबै व्यक्तिहरुले प्रयोग गर्न सक्नेछन् र सुधारका विषयहरु पहिचान गरी कार्यान्वयन गर्न सक्नेछन ।

२.४ यी निर्देशिकाहरुको क्षेत्र विश्वव्यापी छ । राष्ट्रिय परिप्रेक्षमा यो निर्देशिकालाई सबै मुलुक र क्षेत्रहरुले आफ्नो आर्थिक विकासको प्रत्येक चरण एवम् सार्वजनिक, नीजि, सम्प्रदायगत, सामुहिक, रैथाने तथा प्रथागत भोगचलनका सबै किसिमका भोगचलन, स्वामित्व र अधिकारका स्वरुपहरुको व्यवस्थापन गर्नको निमित्त प्रयोग गर्न सक्नेछन् ।

२.५ यी निर्देशिकाहरुलाई राष्ट्रिय कानुन प्रणाली तथा तदनुरुपको संस्थागत व्यवस्था अनुकूल हुने गरी व्याख्या तथा प्रयोग गरिनु पर्दछ ।

# सामान्य विषयवस्तु

यस भागले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी शासन व्यवस्थाका पक्षहरु, यससँग सम्बन्धित अधिकार तथा कर्तव्यको सन्दर्भमा नीतिगत, कानुनी तथा संगठनात्मक संरचना एवम् सेवा प्रवाहलाई सम्बोधन गर्दछ ।

भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी शासनको सन्दर्भमा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरु अन्तर्गत राज्यका दायित्वहरु छन् । यस निर्देशिकाको भाग २ लाई अनुच्छेद २.२ बमोजिम हुने गरी हेरिनुपर्दछ ।

## ३. भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्थाका निर्देशक सिद्धान्तहरु

### ३ (क) सामान्य सिद्धान्तहरु

३.१ राज्यहरुले:

१. भोगचलन र **स्वामित्वको सबै वैध अधिकारवालाहरु र उनीहरुको अधिकारहरुलाई मान्यता र सम्मान गर्नु पर्नेछ। राज्यहरुले कसैको भोगचलन र स्वामित्वको अधिकारमा कोहिबाट अतिक्रमण भएमा त्यसलाई रोक्न तथा भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित कर्तव्य पालना गर्नको लागि औपचारिक रुपमा अभिलेख भए वा नभएपनि भोगचलन र स्वामित्वको वैध अधिकारवालाहरु र उनीहरुको अधिकारको पहिचान, अभिलेख र सम्मान गर्ने मनासिब उपायहरु अवलम्बन गर्नुपर्दछ ।**

२. **वैध भोगचलन र स्वामित्वको अधिकार विरुद्ध हुने धम्की तथा अतिक्रमणबाट सुरक्षित गर्नुपर्दछ। राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका आफ्ना मौजुदा दायित्वहरु विपरित हुने गरी कसैको भो**गचलन र स्वामित्वको अधिकार विरुद्ध कसैबाट हुन सक्ने स्वेच्छाचारी अतिक्रमण एवम् जबरजस्ती निष्कासनबाट सम्बन्धित अधिकारवालाहरुलाई संरक्षण गर्नुपर्दछ ।

३. वैध भोगचलन र स्वामित्वको अधिकारको उपभोगलाई प्रबर्द्धन र सहजीकरण गर्नुपर्दछ । राज्यले भोगचलनको अधिकारको पूर्ण प्रयोगलाई प्रबर्द्धन तथा सहजीकरण गर्न वा भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित कारोबारहरुको सेवामा सबैको पहुँच सुनिश्चित गर्न सक्रिय कदमहरु अवलम्बन गर्नुपर्दछ ।

४. वैध भोगचलन र स्वामित्वको अधिकारमाथि भएको अतिक्रमणको विरुद्ध कानुनी कारवाही गर्न अधिकारवालाको न्यायमा पहुँच प्रदान गर्नुपर्दछ । राज्यले न्यायिक निकाय मार्फत वा अन्य कुनै उपायद्वारा भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित विवादहरुको समाधान

गर्न र विवाद समाधानको क्रममा भएको परिणामको सुलभ तथा शीघ्र कार्यान्वयन गर्न, गराउन सबैलाई प्रभावकारी र पहुँचयोग्य उपाय उपलब्ध गराउनु पर्दछ ।

५. भोगचलन, स्वामित्व र अधिकार सँग सम्बन्धित विवाद, हिंसात्मक द्वन्द्व तथा भ्रष्टाचारजन्य क्रियाकलापबाट रोक्नुपर्दछ। राज्यले भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी विवाद उत्पन्न हुनबाट रोक्न र विवाद भइहालेमा त्यसलाई हिंसात्मक द्वन्द्वतिर उन्मुख हुन नदिन राज्यले सक्रिय उपायहरु अवलम्बन गर्नुपर्दछ। राज्यले सबै तह र क्षेत्रमा हुने सबै किसिमका भ्रष्टाचारहरुलाई रोक्ने प्रयास गर्नुपर्दछ।

२

३.२ व्यावसायिक संस्थाहरु लगायतका गैरराज्यपक्षले मानव अधिकार तथा बैध भोगचलन र स्वामित्वको अधिकारलाई सम्मान गर्नुपर्छ। व्यावसायिक संस्थाहरुले अरुको मानव अधिकार र बैध भोगचलन र स्वामित्वको अधिकारमाथि अतिक्रमण नहुने गरी होसियारीपूर्वक कार्य गर्नुपर्छ। व्यावसायिक संस्थाहरुले मानव अधिकार तथा बैध भोगचलन र स्वामित्वको अधिकारमाथि पर्न सक्ने प्रतिकूल प्रभावलाई रोक्न तथा सम्बोधन गर्न उपयुक्त जोखिम व्यवस्थापन प्रणाली लागू गर्नुपर्छ। व्यावसायिक संस्थाहरुले तिनका कारण सिर्जित मानव अधिकार तथा बैध भोगचलन र स्वामित्वको अधिकारमा नकारात्मक असर परेको अवस्थालाई समाधान गर्न तथा कार्यान्यन स्तरमा प्रभावकारी गुनासो सुनुवाइका लागि गैरन्यायिक संयन्त्र स्थापना गर्ने कार्यमा आवश्यकता अनुसार सहयोग गर्नुपर्छ। व्यावसायिक संस्थाहरुले आफ्नो संलग्नताका कारण कसैको मानव अधिकार वा बैध भोगचलन र स्वामित्वको अधिकारमाथि परेको वा पर्न सक्ने प्रभावको लेखाजोखा र मूल्याङ्कन गर्नुपर्छ। राज्यहरुले मानव अधिकार तथा बैध भोगचलन र स्वामित्वको अधिकारमाथि व्यावसायिक संस्थाहरुबाट नकारात्मक असर पर्न गएको पाइएमा अन्तर्राष्ट्रिय दायित्व अनुसार प्रभावकारी न्यायिक उपचारमा पहुँच उपलब्ध गराउनु पर्छ। जहाँ बहुराष्ट्रिय कम्पनीहरु संलग्न छन्, मानव अधिकार तथा बैध भोगचलन र स्वामित्वको अधिकारको उल्लंघनमा तिनीहरुको संलग्नता नभएको सुनिश्चित गर्नको लागि त्यस्ता कम्पनीहरुको गृहराज्यहरुले ती कम्पनीहरु र कम्पनी संलग्न रहेको राज्यलाई आवश्यक सहयोग गर्नुपर्छ। राज्यहरुले आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको वा आफूले सारभूत सहयोग र सेवा दिएको कम्पनीबाट मानव अधिकार तथा बैध भोगचलन र स्वामित्वको अधिकारमाथि हुन सक्ने हननबाट संरक्षण प्रदान गर्न थप उपायहरु समेत अवलम्बन गर्नुपर्छ।

## ३ (ख) कार्यान्वयनका सिद्धान्तहरु

भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन सम्बन्धी उत्तरदायी शासन प्रणालीलाई सहयोग पुऱ्याउन तल उल्लेखित कार्यान्वयनका सिद्धान्तहरु महत्वपूर्ण छन्।

१. **मानवीय मर्यादा:** सबै व्यक्तिहरुको नैसर्गिक मानवीय मर्यादा तथा समान तथा अहरणीय अधिकारको सम्मान गर्नुपर्छ।

२. **अभिवेद:** कानुन र नीति अन्तर्गत तथा व्यवहारमा समेत कसैलाई पनि भेदभाव गर्नु हुदैन।

३. **समता र न्याय:** राष्ट्रिय सन्दर्भमा व्यक्तिहरुबीचको फरकपनलाई समेत स्वीकार गर्दै महिला तथा पुरुष, युवा, जोखिममा परेका वर्ग र परम्परागत रुपमा सीमान्तकृत वर्ग लगायत सबैको समतामूलक भोगचलन र स्वामित्व सम्बन्धी अधिकार र भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको पहुँचमा समता प्रबर्द्धन गर्न सशक्तीकरण लगायतका सकारात्मक उपायहरु अवलम्बन गरी व्यक्तिहरुबीचको समानतालाई सम्मान गर्नुपर्छ।

४. **लैङ्गिक समानता:** वास्तविक समानता अभिवृद्धि गर्न महिला र पुरुषबीचको फरकपनलाई स्वीकार गरी आवश्यकता अनुसार विशेष उपाय अवलम्बन गरी सम्पूर्ण मानव अधिकारको उपभोगमा महिला तथा पुरुषको समान अधिकारको सुनिश्चितता गर्नुपर्ने, नागरिक तथा वैवाहिक स्थिति जे जस्तो भए पनि राज्यले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन र पहुँचमा महिला र किशोरीहरुलाई पुरुष सरहको समानता सुनिश्चित गर्नुपर्छ।

५. **एकीकृत तथा दिगो अवधारणाः** प्राकृतिक स्रोतहरु र तिनको प्रयोगबीच अन्योन्याश्रित सम्बन्ध रहेको तथ्यलाई स्वीकार गरी तिनको व्यवस्थापनको निम्ति एकीकृत र दिगो अवधारणा अवलम्बन गर्नुपर्छ ।

६. **परामर्श तथा सहभागिताः** यदि कुनै निर्णयले बैध भोगचलन र स्वामित्वको अधिकार भएका व्यक्तिहरुलाई असर पर्दछ भने त्यस्तो अवस्थामा तिनीहरुलाई निर्णय प्रक्रियामा सहभागी गराउन तथा आवश्यक सहयोगको अपेक्षा राख्न तिनीहरुको कदर गर्दै त्यस्तो निर्णय हुनु अघि नै सहभागि गराउनु पर्छ । त्यसैगरी विभिन्न पक्षहरुबीचको विद्यमान शक्ति असन्तुलनलाई ध्यानमा राखी निर्णय प्रकृयामा संबद्ध व्यक्ति तथा समुहहरुको सक्रिय, स्वतन्त्र, प्रभावकारी, अर्थपूर्ण र सूचित सहभागिता सुनिश्चित गरिनुपर्छ ।

७. **कानुनको शासनः** आवश्यकता अनुसारको भाषामा व्यापक रुपमा प्रचारप्रसार गरिएको, सबै का लागि लागू हुने, समान रुपमा कार्यान्वयन र स्वतन्त्ररुपमा अभ्यास गरिने, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका मौजुदा दायित्व अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय एवंम् अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वेच्छिक प्रतिबद्धतालाई समेत उचित सम्मान हुने गरी तर्जुमा गरिएको कानुनमा आधारित पद्धति अवलम्बन गर्नुपर्छ ।

८. **पारदर्शिताः** स्पष्ट नीति, कानुन र कार्यविधि बनाई तिनलाई आवश्यक भाषाहरुमा व्यापक रुपले प्रचारप्रसार गर्नुपर्छ र सबैको पहुँच सुनिश्चित हुने ढाँचामा निर्णयहरुको आवश्यक भाषाहरुमा व्यापक प्रचारप्रसार गर्नुपर्छ ।

९. **उत्तरदायित्वः** व्यक्तिहरु, सार्वजनिक निकायहरु र गैरराज्यपक्षहरुलाई तिनको कार्य र निर्णयका लागि कानुनको शासनको सिद्धान्त अनुरुप जिम्मेवार बनाइनुपर्छ । ,

१०. **निरन्तर सुधारः** प्रमाणमा आधारित कार्यक्रमहरु तर्जुमा गर्न र भइरहेका सुधारहरुलाई सुरक्षित तुल्याउन राज्यहरुले भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्थाको अनुगमन र विश्लेषण गर्ने संयन्त्रहरुमा सुधार गर्नुपर्छ ।

## ४. भोगचलन र स्वामित्व सम्बन्धी अधिकार तथा कर्तव्यहरु

४.१ मानव अधिकार, खाद्य सुरक्षा, गरिबी उन्मूलन, दिगो जीविका, सामाजिक स्थिरता, आवास सुरक्षा, ग्रामिण विकास र सामाजिक तथा आर्थिक विकासको परिपूर्तिको लागि भूमि, मत्स्यक्षेत्र तथा वनजंगल केन्द्रविन्दु भएकाले राज्यले भोगचलन, स्वामित्व र अधिकार सम्बधी जिम्मेवारपूर्ण शासन व्यवस्थाको प्रत्याभूतिको निम्ति प्रयत्नशील हुनुपर्दछ ।

४.२ राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी र संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान हुने सुनिश्चितता गरी भोगचलन, स्वामित्व र अधिकार तथा यसको शासन प्रणाली सम्बन्धी सम्पूर्ण कार्य सञ्चालन गर्नुपर्छ ।

४.३ निजी स्वामित्व लगायत भोगचलनको अधिकार पूर्ण तथा सीमारहित नरहेको तथ्यलाई सबै पक्षले पहिचान गर्नुपर्दछ । सबै भोगचलन र स्वामित्वको अधिकारहरु अरुको अधिकार तथा राज्यले सार्वजनिक प्रयोजनको लागि चाल्ने उपायहरुबाट सिमित गरिएको हुन्छ । त्यस्ता उपायहरु कानुनद्वारा निर्धारित भएको र सार्वजनिक हित तथा वातावरण संरक्षणको लागि राज्यको मानव अधिकार सम्बन्धी दायित्वको अनुकूल हुने गरी गरिएको हुनुपर्छ । भोगचलन र स्वामित्वको अधिकारलाई तोकिएको कर्तव्यले समेत सन्तुलनमा राखेको हुन्छ । सबैले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको दीर्घकालीन संरक्षण र दिगो उपयोगको सम्मान गर्नुपर्छ ।

४.४ राष्ट्रिय कानुनको अनुकुल भोगचलन र स्वामित्वको अधिकारको परिक्षणको आधारमा, विद्यमान कानुनले संरक्षण नगरेको बैध भोगचलन र स्वामित्वको अधिकारलाई समेत राज्यले कानुनी मान्यता प्रदान गर्नुपर्छ । भोगचलन र स्वामित्वको अधिकारको सुनिश्चिततमा नीति तथा कानुन अविभेदकारी एवंम् लैङ्गिकरुपले संवे

दनशील भएको हुनुपर्छ। बैध मानिएका अधिकारहरुको बर्गीकरणको सम्बन्धमा यो निर्देशिकामा उल्लेखित परामर्श तथा सहभागिताको सिद्धान्त अनुकूल हुने गरी व्यापक रुपमा प्रचारप्रसार गरिएको नियम मार्फत निश्चित गर्नुपर्छ। सबै व्यक्तिका भोगचलनका सबै स्वरुपहरुलाई निश्चित संरक्षण प्रदान गर्नुपर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वको प्रतिकूल हुने गरी गरिने जबरजस्ती निकाला तथा दुर्व्यवहार गर्ने र अन्य किसिमका धम्की दिने कार्य विरुद्ध कानुनी संरक्षणको प्रत्याभूति सुनिश्चित गर्नुपर्छ।

२

४.५ राज्यहरुले बैध भोगचलन र स्वामित्वको अधिकारलाई संरक्षण प्रदान गर्नुपर्छ। मानिसहरुलाई स्वेच्छाचारीपूर्वक उनीहरुको भोगचलन तथा अधिकारबाट वञ्चित नगरिने र उनीहरुको बैध अधिकारलाई कुनै किसिमले समाप्त गर्ने वा बेदखली गर्ने कार्य नहुने कुराको राज्यले प्रत्याभूति दिनुपर्छ।

४.६ बैवाहिक अवस्थामा आएको परिवर्तन, कानुनी सक्षमताको अभाव र आर्थिक स्रोतहरुमा पहुँचको अभाव जस्ता आधारहरुबाट भोगचलन र स्वामित्वको अधिकारको सम्बन्धमा उत्पन्न भएका सबै स्वरुपका भेदभावहरुलाई राज्यले हटाउन र निषेध गर्नुपर्छ। विषेशगरी राज्यले महिला र पुरुषको लागि समान भोगचलनको अधिकारलाई जन्मसिद्ध अधिकारको रुपमा सुनिश्चित गर्नुपर्छ। त्यस्ता अधिकारहरु अन्तर्गत पैतृक वा उत्तराधिकारीको हैसियतले सम्पत्ति प्राप्त गर्ने वा दान वा इच्छापत्र बमोजिम सम्पत्ति हस्तान्तरण गर्ने जस्ता अधिकारहरु पर्छन्। भोगचलन र स्वामित्वको अधिकारलाई व्यवस्थापन गर्ने क्रममा राज्यले सम्पादन गर्ने कार्यहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी र संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गर्ने गरी सञ्चालन गरिनुपर्छ।

४.७ मानिसहरुले आफ्नै प्रयासबाट भोगचलनको अधिकार प्राप्त गर्न, या अधिकारलाई टिकाउन, राज्यका कार्यान्वयन निकाय वा न्यायिक निकायबाट प्रदान गरिने सेवाको प्राप्तिमा पहुँच राख्न वा उनीहरुको भोगचलन र स्वामित्वको अधिकारलाई असर गर्न सक्ने प्रकृयामा सहभागी हुन नसकेको अवस्थामा राज्यले त्यस्ता मानिसहरुलाई अविभेदकारी र लैङ्गिक रुपले संवेदनशील हुने गरी आवश्यक सहयोग प्रदान गर्ने तर्फ विचार गर्नुपर्छ।

४.८ सबै किसिमका मानव अधिकारहरु विश्वव्यापि, अविभाज्य, अन्तरनिर्भर र अन्तरसम्बन्धित हुन्छन्। जसले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन सम्बन्धी शासन व्यवस्थाले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको पहुँच र प्रयोगसँग सम्बन्धित अधिकारहरुलाई मात्र विचार नगरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुलाई पनि उत्तिकै विचार गर्नुपर्छ। त्यसैगरी राज्यले किसान, आदिवासी तथा जनजाती, माझी, गोठाला र ग्रामिण कामदारहरुको मानव अधिकार एवंम् मानव अधिकार रक्षकहरुको नागरिक तथा राजनीतिक अधिकारको समेत सम्मान र संरक्षण गर्नुपर्छ। राज्यले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको संरक्षणको क्षेत्रमा क्रियाशील व्यक्ति तथा संघसंस्थाहरुसँग व्यवहार गर्दा मानव अधिकार सम्बन्धी आफ्नो दायित्व पूरा गर्नुपर्छ।

४.९ राज्यले भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी विवादहरुको शीघ्र, सुलभ र प्रभावकारी रुपले समाधान गर्न निष्पक्ष र सक्षम प्रशासनिक तथा न्यायिक निकाय स्थापना गर्नुपर्दछ र यी निकायहरुमा सबैको पहुँच उपलब्ध गराउनुपर्छ। विवादको प्रभावकारी समाधान गर्न बैकल्पिक उपचारका उपायहरु र आवश्यकता अनुसार पुनरावेदन गर्ने अधिकार समेत लागु गर्नुपर्छ। त्यस्ता उपायहरु अन्तर्गत पूनर्स्थापना, बिगो भराउने, क्षतिपूर्ति र परिपूरण समेत पर्न सक्छन्। त्यस्ता उपचारहरु तुरुन्तै कार्यान्वयनमा आउने समेत हुनुपर्छ। राज्यले उल्लिखित उपचारहरुमा अनुच्छेद ६.६ र २१.६ अनुकूल हुने गरी जोखिममा परेका तथा सीमान्तकृत व्यक्तिहरुको पहुँचको सुनिश्चितता गर्न प्रयत्नशील हुनुपर्छ। राज्यले कसैको भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी मानव अधिकारको उल्लंघन भएको अवस्थामा उल्लिखित उपचारहरुमा निजको पहुँच सुनिश्चित गर्नुपर्छ।

४.१० राज्यले भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी शासनमा सहभागितामूलक प्रकृयामा राष्ट्रिय कानुनको अनुकूल हुने गरी भूमि, मत्स्यक्षेत्र तथा वनजंगलका उपभोक्ताको पूर्ण सहभागितालाई स्वीकार र सहजीकरण गर्नुपर्छ। राष्ट्रिय कानुन र विधायिका अनुसार यस अन्तर्गत नीति, कानुन तथा क्षेत्रीय विकासको निर्णय तर्जुमा र कार्यान्वयनमा राज्य र गैरराज्यपक्षको उपयुक्त भूमिका रहने विषय पर्दछ।

## ५. भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी नीतिगत, कानुनी तथा संगठनात्मक संरचना

२

५.१ राज्यहरुले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी जिम्मेवारपूर्ण शासन व्यवस्था प्रबर्द्धन गर्न नीतिगत, कानुनी तथा सांगठनिक संरचनाहरुको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्छ। यी ढाँचा कानुन प्रणाली, सार्वजनिक सेवा र न्यायिक अधिकारिहरु बृहत सुधारमा आधारित र समर्थित हुन्छन्।

५.२ राज्यहरुले भोगचलन, स्वामित्व र अधिकारको शासन सम्बन्धी आफ्ना नीतिगत, कानुनी तथा सांगठनिक संरचनाहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल रहेको र संबद्ध क्षेत्रीय तथा राष्ट्रिय संयन्त्र अन्तर्गत स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरिएको कुराको सुनिश्चितता प्रदान गर्नुपर्नेछ।

५.३ राज्यहरुले भोगचलन, स्वामित्व र अधिकारको शासन सम्बन्धी आफ्ना नीतिगत, कानुनी तथा सांगठनिक संरचनाहरुले राष्ट्रिय कानुन बमोजिम हुने गरी बैध भोगचलन र स्वामित्वको अधिकार तथा भोगचलन र स्वामित्व सम्बन्धी प्रथागत अधिकारलाई मान्यता दिई सम्मान गरेको प्रत्याभूति दिनुपर्छ। त्यस्ता संरचनाहरुले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको सामाजिक, साँस्कृतिक, आर्थिक तथा वातावरणीय महत्वलाई प्रतिबिम्बित गर्नुपर्छ। राज्यका संरचनाहरु अविभेदकारी एवंम् सामाजिक समता र लैङ्गिक समानता प्रबर्द्धन गर्न लक्ष्यित हुनुपर्दछ। त्यस्ता संरचनाहरुले भूमि, मत्स्यक्षेत्र तथा वनजंगल र तिनको प्रयोगबीचको अन्योन्याश्रित सम्बन्धलाई प्रतिबिम्बित गर्नुपर्दछ। यसको प्रशासनको व्यवास्थापन गर्ने एकीकृत पद्धतिको स्थापना गर्नुपर्छ।

५.४ राज्यहरुले भोगचलन र स्वामित्वको अधिकार तथा यससँग संबद्ध अन्य अधिकारहरुको उपभोगमा महिला तथा किशोरीहरुले भोग्नु परेका विशेष अवरोधहरुलाई ध्यान दिनुपर्छ। आफ्ना कानुनी तथा नीतिगत संरचनाहरु मार्फत महिलाको निम्ति पर्याप्त संरक्षणको व्यवस्था मिलाउनुपर्छ। महिलाहरुको भोगचलन सम्बन्धी अधिकारलाई कानुनी मान्यता दिई त्यसको कार्यान्वयन र प्रचलन सुनिश्चित गर्नुपर्छ। समानताको आधारमा पुरुष सरह महिलाले पनि अन्य व्यक्तिहरुसँग कानुनी रुपले भोगचलनको अधिकारसँग सम्बन्धित करार गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्छ। महिलाहरुलाई भोगचलन सम्बन्धी आफ्ना बैधानिक इच्छाहरु रक्षा गर्न सक्ने गरी सक्षम बनाउन राज्यले कानुनी सेवा र अन्य सहयोगहरु उपलब्ध गराउन प्रयत्नशील हुनुपर्छ।

५.५ राज्यहरुले मूलधारबाट बहिष्करणमा परेका महिला तथा पुरुष एवंम् प्रभावित सबै पक्षहरुलाई सहभागितामूलक प्रकृयाबाट भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित आवश्यक नीति, कानुन तथा कार्यविधि बनाउनुपर्छ। त्यस्ता नीति, कानुन तथा कार्यविधि बनाउँदा कार्यान्वयन क्षमतालाई समेत उचित ध्यान दिनुपर्छ। त्यस्तो नीति, कानुन तथा कार्यविधिमा लैङ्गिक संवेदनशील पद्धती अवलम्बन गरी उपयुक्त भाषामा स्पष्ट रुपले अभिव्यक्त हुने गरी त्यसको व्यापक प्रचारप्रसार समेत गर्नुपर्छ।

५.६ राज्यहरुले जनतालाई प्रभावकारी रुपले सेवा प्रवाह गर्न सरकारका सबै तहहरुमा जिम्मेवारी किटान गर्नुपर्छ। भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारको प्रशासनसँग सम्बन्धित निकायहरुको भूमिका तथा जिम्मेवारी स्पष्ट रुपले परिभाषित गर्नुपर्छ। कार्यान्वयन निकाय तथा स्थानीय सरकार एवंम् आदिवासी, जनजाति र प्रथागत भोगचलन प्रणालीसँग सम्बन्धित अन्य समुदायबीच समन्वय स्थापित गर्नुपर्छ।

५.७ राज्यहरुले नागरिक समाज, नीजिक्षेत्र तथा प्राज्ञहरुलाई आवश्यकता अनुसार नीतिगत, कानुनी तथा संगठनात्मक संरचनाहरुको विकास र कार्यान्वयनमा योगदान पुऱ्याउनको निम्ति अवसरहरु निर्धारण गरी सोको प्रचारप्रसार समेत गर्नुपर्छ।

५.८ राज्य र अन्य पक्षहरुले नीतिगत, कानुनी तथा संगठनात्मक संरचनाहरुको प्रभावकारिता कायम राख्न तिनको निरन्तर पुनरावलोकन र अनुगमन गर्नुपर्छ। सेवाप्रवाहमा सुधार गर्न र पारदर्शी प्रकृया तथा निर्णयद्वारा भ्रष्टाचार नियन्त्रण गर्नको लागि कार्यान्वयन निकाय तथा न्यायिक अधिकारीहरुले नागरिक समाज, उपभोक्ताका प्रतिनिधि र आम सर्वसाधारणसँग मिलेर सहकार्य गर्नुपर्छ। परिवर्तन र त्यसको सम्भावित प्रभावको बारे जानकारी स्पष्ट रुपमा अभिव्यक्त हुनेगरी आवश्यक भाषाहरुमा व्यापक प्रचार प्रसार गर्नुपर्छ।

२

५.९ राज्यहरुले भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित नीति तथा कानुनहरुले मुलुकको बृहद राजनीतिक, कानुनी, सामाजिक, साँस्कृतिक, धार्मिक, आर्थिक तथा वातावरणीय परिवेशमा काम गर्दछन् भन्ने तथ्यलाई सम्मान गर्नुपर्छ। विद्यमान परिस्थितिमा आएको परिवर्तनका कारणले भोगचलनको प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकता देखिएमा राज्यले प्रस्तावित सुधारहरुको कार्यान्वयन गर्न राष्ट्रिय सहमति निर्माण गर्ने प्रयास गर्नुपर्छ।

## ६. सेवा प्रवाह[२]

६.१ राज्यहरुले आफ्नो स्रोत र साधनले भ्याएसम्म कार्यान्वयन निकाय र न्यायिक अधिकारीहरुलाई समयमै प्रभावकारी र लैङ्गिक संवेदनशील रुपले नीति तथा कानुनहरुको कार्यान्वयन गर्न सक्ने गरी सक्षम तुल्याउन मानवीय, भौतिक, वित्तीय तथा अन्य किसिमको क्षमताले सुदृढ तुल्याउनुपर्छ। संगठनमा सबै तहका कर्मचारीहरुलाई निरन्तर तालिमको व्यवस्था गर्नुपर्छ। लैङ्गिक र सामाजिक समानता सुनिश्चित गर्नुपर्ने दायित्वलाई उचित सम्मान गर्दै संगठनमा जनशक्तिको आपूर्ति गर्न व्यवस्था मिलाउनुपर्छ।

६.२ राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वेच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरी भो गचलन सम्बन्धी सेवाप्रवाह र प्रशासन सञ्चालन गर्नुपर्छ।

६.३ भोगचलन र स्वामित्वको अधिकारलाई संरक्षण, प्रवर्द्धन, सहजीकरण र विवादहरुको निरुपण गर्न राज्यले शीघ्र, पहुँचयोग्य र अविभेदकारी सेवाहरु उपलब्ध गराउनुपर्छ। अनावश्यक कानुनी तथा प्रकृयागत शर्तहरु हटाउनु पर्छ। भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित अवरोधहरु पन्छाउन प्रयत्नशील हुनुपर्छ। कार्यान्वयन निकाय र न्यायिक अधिकारीहरुले प्रवाह गरिरहेका सेवाहरुको पूनरावलोकन गरी आवश्यकता अनुसार सुधारहरु गर्नुपर्छ।

६.४ राज्यहरुले आफ्ना कार्यान्वयन निकाय र न्यायिक अधिकारीहरुले दुर्गम क्षेत्रका वासिन्दा लगायत सबै जनताहरुलाई सेवा पुऱ्याइरहेको वा पुऱ्याउने कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ। सेवा प्रवाहमा सक्षमता र पहुँच बढाउन स्थानीय तहमा उपयुक्त हुने प्रविधिको प्रयोग गरी शीघ्र र प्रभावकारी सेवा उपलब्ध गराउनुपर्छ। सेवा प्रवाह गर्दा विश्वसनियता र एकरुपता कायम हुने गरी सेवाप्रदायकहरुले नीति तथा कानुनहरुको कार्यान्वयन गर्न सकुन भन्ने उद्देश्यले आन्तरिक निर्देशिकाहरु बनाउनु पर्छ। भोगचलन, स्वामित्व र अधिकारको सुरक्षा वा न्यायको गुणस्तरमा प्रतिकूल असर नहुने गरी सेवा प्रवाह सम्बन्धी कार्यविधिलाई सरलीकृत गर्नुपर्छ। यसका साथै व्याख्यात्मक टिप्पणीयुक्त सामाग्रीहरुलाई प्रचलित भाषाहरुमा व्यापक रुपले प्रचारप्रसार गरी यसको प्रयोगकर्ताहरुलाई आफ्नो अधिकार तथा कर्तव्यहरुको बारेमा जानकार तुल्याउनुपर्छ।

६.५ राज्यहरुले आफ्नो कार्यान्वयन निकायहरु, आदिवासी जनता तथा अन्य समुदाय, नागरिक समाज, निजीक्षेत्र, प्राज्ञिक बर्ग र सर्वसाधारण जनताको प्रभावकारी उपयोगको लागि भोगचलन र स्वामित्वको

[२] दफा ६ ले खास गरी दफा १७ देखि २१ सम्म अध्ययन गर्न निर्देशित गर्दछ।

अधिकारसँग सम्बन्धित भूमिको व्यवस्थित प्रयोग सम्बन्धी एवंम् अन्य सूचनाहरुको आदानप्रदान गर्न प्रोत्साहित गर्ने नीति तथा कानुन बनाउनुपर्छ। राज्यहरुले उपलब्ध सूचनाहरुको प्रयोग गर्ने सम्बन्धमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मापदण्डहरुलाई ध्यान दिई राष्ट्रिय मापदण्ड विकास गर्नुपर्छ।

२

६.६ राज्यहरुले प्रशासनिक तथा न्यायिक सेवाहरुमा पहुँच राख्न नसक्ने जोखिममा परेका तथा सीमान्तकृत समुहहरुलाई सहयोग गर्ने अतिरिक्त उपायहरु अवलम्बन गर्न विचार गर्नुपर्छ। यस्ता उपायहरुमा कानुनी सहायता, सुलभ र पहुँचयोग्य कानुनी सहयोग, कानुन वा भूमिको नापजाँच सम्बन्धमा सामान्य ज्ञान भएका व्यक्तिहरुबाट प्रदान गरिने सेवा (पारालिगल, पारासर्वे), दुर्गम क्षेत्रका समुदाय, फिरन्ते तथा आदिवासीहरुका लागि घुम्तिसेवा जस्ता सेवाहरु पर्दछन्।

६.७ राज्यहरुले नैतिक व्यवहारमा आधारित सँस्कृतिको विकास गर्न कार्यान्वयन निकाय र न्यायिक अधिकारीहरुलाइ सेवा तथा प्रोत्साहन गर्नुपर्छ। सेवाको स्तर वृद्धि गर्न, सेवा प्रवाहमा सुधार ल्याउन, उपभोक्ताहरुको अपेक्षा र चाहनाहरुलाई पूरा गर्न, कार्यान्वयन निकाय र न्यायिक अधिकारीहरुले सर्वेक्षण र लक्षियत समुह जस्ता विधि मार्फत निरन्तर रुपमा पृष्ठपोषण प्राप्त गर्नुपर्छ। सम्बन्धित निकायहरुले नतिजाको आधारमा नियमित रुपमा कार्यसम्पादन मापदण्ड र प्रतिवेदन प्रकाशन गर्नुपर्छ। सेवा प्रवाहको विषयमा उपभोक्ताहरुले उजुरी दिने र त्यस्ता उजुरीहरु सम्बोधन गर्नको निमित्त कार्यान्वयन निकाय भित्रै प्रशासकीय पूनरावेदन लाग्ने वा बाह्य रुपमा स्वतन्त्र पूनरावलोकन हुनसक्ने वा उजुरी सुन्ने छुट्टै निकाय (अम्बड्स्म्यान) जस्ता पद्धतिहरु उपलब्ध गराउनु पर्दछ।

६.८ भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित सेवा प्रदान गर्ने सम्बन्धित व्यावसायिक संस्थाहरुले उच्चस्तरको नैतिक व्यवहारको विकास, प्रचारप्रसार र त्यसको कार्यान्वयनको अनुगमन गर्नुपर्छ। सार्वजनिक तथा निजी क्षेत्रका पक्षहरुले प्रचलित नैतिक मापदण्डको पालना गर्नुपर्दछ। त्यस्तो मापदण्डको उल्लंघन गरेको अवस्थामा अनुशासनात्मक कारवाहीको भागिदार बन्नुपर्छ। नियमन गर्ने त्यस्ता व्यावसायिक संस्थाहरु नभएको अवस्थामा राज्यले त्यस्ता संस्थाहरु स्थापना गर्नको लागि उपयुक्त वातावरण तय गर्नुपर्छ।

६.९ राज्य तथा गैरराज्य पक्षहरुले भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित भ्रष्टाचार नियन्त्रण गर्न प्रयत्न गर्नुपर्छ। राज्यहरुले परामर्श, सहभागिता, कानुनको शासन, पारदर्शिता, जवाफदेहिता जस्ता माध्यमद्वारा भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ। नियन्त्रण तथा सन्तुलन, शक्तिको स्वेच्छाचारी प्रयोगमा सीमा, स्वार्थहरुबीच हुने द्वन्द्वको सम्बोधन र स्पष्ट नियमहरुको तर्जुमा जस्ता उपायहरुको माध्यमद्वारा राज्यले भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक उपायहरु अवलम्बन गरी लागू गर्नुपर्छ। राज्यले कार्यान्वयन निकायहरुको निर्णय उपर प्रशासनिक वा न्यायिक पूनरावलोकन वा दुवै उपलब्ध हुने व्यवस्था गर्नुपर्छ। भोगचलनको प्रशासन सञ्चालनमा कार्यरत कर्मचारीहरुलाई उनीहरुले सम्पादन गरेको कार्यप्रति उत्तरदायी बनाउनुपर्छ। उनीहरुलाई आफ्नो कर्तव्य प्रभावकारी रुपमा पालन गर्नको लागि आवश्यक पर्ने स्रोतसाधन उपलब्ध गराउनुपर्छ। आफ्नो कर्तव्य पालना गर्दा हुनसक्ने हस्तक्षेप तथा भ्रष्टाचारको विषयमा सूचना दिएवापत उनीहरु विरुद्ध हुनसक्ने प्रतिशोधबाट उनीहरुलाई संरक्षण गर्नुपर्छ।

# भोगचलन र स्वामित्वको अधिकार तथा कर्तव्यहरुको कानुनी मान्यता तथा वितरण

यस भागले प्रथागत भोगचलनको प्रणाली रहेका आदिवासी तथा अन्य समुदायको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि भोगचलन र स्वामित्वको अधिकारलाई कानुनी मान्यता दिने सन्दर्भमा त्यस्ता स्रोतहरुको भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी शासन व्यवस्था, भोगचलन र स्वामित्वको अनौपचारिक अधिकार एवंम् सार्वजनिक क्षेत्रको स्वामित्व वा नियन्त्रण रहेका भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि भोगचलन र स्वामित्वको अधिकारको प्रारम्भिक वितरणलाई सम्बोधन गर्दछ।

## ७. सुरक्षणहरु

७.१ राज्यहरुले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन र स्वामित्व सम्बन्धी अधिकारलाई मान्यता दिंदा र छुटयाउदा प्रचलित कानुनले संरक्षण गरी नसकेको बैध भोगचलनको अधिकार लगायत अरुको भोगचलन र स्वामित्व सम्बन्धी अधिकारमाथि अतिक्रमण हुन वा त्यस्तो अधिकारलाई लोप हुनबाट बचाउनको निम्ति प्रचलित कानुन अनुकूल हुने गरी सुरक्षणका उपायहरु अवलम्बन गर्नुपर्छ। त्यस्ता सुरक्षणका उपायहरुले विशेषगरी महिला तथा जोखिममा परेका वर्गहरुको अधिकारहरुलाई संरक्षण गर्नुपर्छ।

७.२ राज्यहरुले भोगचलन र स्वामित्व सम्बन्धी अधिकार तथा कर्तव्यहरुलाई कानुनी मान्यता दिने एवंम् त्यस्तो अधिकार र कर्तव्यहरुको वितरण सम्बन्धी कार्य गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गर्नुपर्छ।

७.३ राज्यहरुले भोगचलन र स्वामित्व सम्बन्धी अधिकारलाई मान्यता दिई त्यस्तो अधिकारको वितरण गर्न चाहेमा सर्वप्रथम अभिलेख गरिएका वा नगरिएका भोगचलन र स्वामित्व सम्बन्धी प्रचलित सबै अधिकारहरु तथा अधिकारवालाहरुको पहिचान गर्नुपर्छ। प्रथागत भोगचलनको प्रणाली रहेका आदिवासी, जनजाति र अन्य समुदाय तथा साना हकवालाहरु र असर पर्न सक्ने सबै व्यक्तिहरुलाई यस निर्देशिकाको अनुच्छेद ३(ख)६ र ९.९ अनुकूल हुने गरी परामर्श प्रकृयामा सहभागी गराउनु पर्छ। यदि जनताले आफ्ना भोगचलन सम्बन्धी अधिकारहरुलाई मान्यता प्रदान नगरिएको ठानेमा राज्यले यस निर्देशिकाको अनुच्छेद ४.९ अनुकूल हुने गरी उनीहरुलाई न्यायमा पहुँच उपलब्ध गराउनुपर्छ।

७.४ राज्यहरुले वर्तमानमा मान्यता प्रदान गरिएका नयाँ भोगचलन सम्बन्धी अधिकारहरुको उपभोगमा महिला तथा पुरुषको समान अधिकार रहने कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ र ती अधिकारहरुको अभिलेख समेत राख्नुपर्छ। सम्भव भएसम्म व्यक्ति, परिवार तथा समुदायको भोगचलन सम्बन्धी अधिकारको कानुनी मान्यता र अधिकार प्रदान सम्बन्धी कार्य राष्ट्रिय प्राथमिकता अनुसार एकपछि अर्को क्षेत्रमा व्यवस्थित रुपले गर्नुपर्छ। यसो गर्दा गरिब तथा जोखिममा परेका वर्गहरुलाई आफ्नो भोगचलनको अधिकारको कानुनी

मान्यता प्राप्त गर्न पूर्ण अवसर उपलब्ध गराउनुपर्छ। खासगरी गरिब तथा जोखिममा परेका वर्गहरुलाई यस क्रममा कानुनी सहायता प्रदान गर्नुपर्छ। भोगचलन र स्वामित्व सम्बन्धी अधिकारको प्रारम्भिक अभिलेख गर्दा र नक्शाङ्कन गर्दा पारदर्शिता अभिवृद्धि गर्न स्थानीय रुपमा उपयुक्त हुने विधिहरु प्रयोग गर्नुपर्दछ।

७.५ राज्यहरुले भोगचलन र स्वामित्वको अधिकारलाई मान्यता दिएका वा त्यस्तो अधिकार प्रदान गरिएका व्यक्तिहरुलाई आफ्नो अधिकार तथा कर्तव्यको बारेमा पूर्ण जानकारी रहेको कुराको सुनिश्चितता गर्नुपर्छ। आवश्यकता अनुसार यस्ता व्यक्तिहरुलाई उनीहरुको भोगचलन र स्वामित्व सम्बन्धी अधिकारको उपभोग गर्न र कर्तव्यहरुको पालना गर्न सहयोग उपलब्ध गराउनु पर्दछ।

७.६ भोगचलन र स्वामित्व सम्बन्धी अधिकारलाई कानूनी मान्यता प्रदान गर्न सम्भव नभएमा राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनका प्रचलित दायित्व र यो निर्देशिकाहरुको सिद्धान्त विपरित हुने गरी व्यक्तिहरुलाई जबरजस्ती निष्काशन गर्ने कार्यबाट रोक्नुपर्छ।

३

## ८. सार्वजनिक जग्गा, मत्स्यक्षेत्र तथा वनजंगल

८.१ जहाँ भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि राज्यको स्वामित्व र नियन्त्रण रहन्छ, राज्यहरुले यी स्रोतहरुको प्रयोग र नियन्त्रणको व्यवस्था व्यापक सामाजिक, आर्थिक तथा वातावरणीय उद्देश्यहरु प्रष्ट हुनेगरी निर्धारण गर्नुपर्छ। राज्यहरुले आफ्ना कार्यहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलत दायित्व अनुकूल हुने गरी र आफू संवद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिवद्धतालाई उचित सम्मान गरिएको कुराको सुनिश्चितता गर्नुपर्छ।

८.२ जहाँ राज्यहरुको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि स्वामित्व र नियन्त्रण हुन्छ तब व्यक्ति, समुदायहरुको बैध भोगचलन र स्वामित्वको अधिकारमाथिको सही पहिचान, सम्मान र संरक्षण हुनुपर्दछ। बैध भोगचलन र स्वामित्वको अधिकारहरु क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धता साथै प्रचलित राष्ट्रिय दायित्वहरु अनुकूल हुने गरी हुनुपर्छ। यसको लागि पारदर्शी प्रकृया र राष्ट्रिय कानुन अनुरुप हुने गरी बैध भोगचलन र स्वामित्वको अधिकारका प्रकारहरुलाई स्पष्ट गरी सार्वजनिक गर्नुपर्छ।

८.३ सामुहिक रुपमा उपयोग र व्यवस्थापन हुँदै आएका सार्वजनिक स्वामित्वका (केही मुलुकहरुको राष्ट्रिय सन्दर्भमा साझा सम्पत्तिको रुपमा चिनिने) भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको हकमा राज्यहरुले यस्ता स्रोतहरु तथा तिनको सामुहिक उपयोग एवंम् व्यवास्थापनलाई पहिचान र संरक्षण गरी ती स्रोतहरुको राज्यद्वारा वितरण गरिने प्रकृयालाई समेत निश्चित गर्नुपर्छ।

८.४ राज्यहरुले आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेका भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन सम्बन्धी विवरणको अद्यावधिक स्थिति तयार गरी सबैको लागि पहुँचयोग्य हुने गरि अभिलेख व्यवस्थित गर्ने प्रयास गर्नुपर्छ। त्यस्तो विवरण अन्तर्गत त्यस्ता स्रोतहरुको व्यवस्थापन गर्ने जिम्मेवार निकायहरु एवंम् ती स्रोतहरुमाथिको प्रथागत भोगचलन प्रणाली रहेका आदिवासी र अन्य समुदाय तथा नीजि क्षेत्रको बैध भोगचलनको अधिकारलाई समेत अभिलेखबद्ध राख्नुपर्छ। त्यस्ता स्रोतहरुको सम्बन्धमा सार्वजनिक भोगचलन र स्वामित्वको अधिकार र प्रथागत भोगचलनको प्रणाली रहेका आदिवासी र अन्य समुदाय तथा निजीक्षेत्रको भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी विवरणलाई सम्भव भएसम्म राज्यले एउटै अभिलेखमा राख्न वा साझा ढाँचा तयार गरी त्यस्तो अभिलेखलाई एकआपसमा आबद्ध गर्न आवश्यक व्यवस्था मिलाउनुपर्छ।

८.५ राज्यहरुले आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेका भूमि, मत्स्यक्षेत्र तथा वनजंगल अन्तर्गतका कुन-कुन स्रोत आफ्नो अधिनमा राख्ने, कुन-कुन स्रोत सार्वजनिक क्षेत्रले प्रयोग गर्ने, कुन-कुन स्रोत व्यक्तिको प्रयोगको लागि वितरण गर्ने र त्यस्तो वितरणको शर्त के हुने भन्ने सम्बन्धमा निर्क्यौल गर्नुपर्छ।

८.६ राज्यहरुले सार्वजनिक क्षेत्रको अधीनमा रहेका भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको प्रयोग र नियन्त्रण सम्बन्धी नीतिहरुको निर्माण र सार्वजनिकीकरण गर्नुपर्छ। राज्यको स्वामित्वमा रहेको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलबाट प्राप्त लाभहरुको न्यायोचित वितरणलाई प्रबर्द्धन गर्नको लागि आवश्यक नीति बनाउन प्रयत्नशील हुनुपर्छ। यस्ता नीतिहरुले अन्य व्यक्तिको भोगचलनको अधिकार र त्यस्तो नीतिबाट प्रभावित हुन सक्ने व्यक्तिहरुलाई ध्यान दिई उनीहरुलाई परामर्श तथा सहभागिता सम्बन्धी प्रस्तुत निर्देशिकाका सिद्धान्तहरुको अनुकूल हुने गरी नीति निर्माणको परामर्श प्रकृयामा समावेश गराउनुपर्छ। सार्वजनिक नीतिहरुको कार्यान्वयन गर्ने क्रममा उल्लिखित स्रोतहरु तथा स्रोतहरु सम्बन्धी कारोबारको प्रशासन प्रभावकारी, पारदर्शी एवंम् उत्तरदायी ढङ्गले सञ्चालन गर्नुपर्छ।

८.७ राज्यहरुले अन्य व्यक्तिहरुलाई भोगचलन र स्वामित्वको अधिकार प्रदान गर्ने र आवश्यकता अनुसार भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी प्रशासन सञ्चालन गर्नका लागि जिम्मेवारीहरुको प्रत्यायोजन गर्ने विषयहरुलाई समेटी आवश्यक नीतिहरुको निर्माण र सार्वजनिकीकरण गर्नुपर्छ। भोगचलन र स्वामित्वको अधिकार प्रदान गर्ने नीतिहरु वृहत्तर सामाजिक, आर्थिक तथा वातावरणीय उद्देश्य अनुरुप हुनुपर्छ। परम्परादेखि भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको उपयोग गर्दै आइरहेका स्थानीय समुदायहरुले भोगचलन र स्वामित्वको अधिकारको पुनर्वितरण हुँदा उचित प्रतिफल प्राप्त गर्नुपर्छ। त्यस्ता नीतिहरुले अरुको भोगचलनको अधिकार र अधिकारवाट प्रभावित व्यक्तिहरुलाई विचार पुऱ्याउन परामर्श, सहभागिता र निर्णय निर्माण प्रकृयामा समावेश गराउनु पर्छ। ती नीतिहरुले भोगचलन र स्वामित्वको अधिकारको वितरण गर्दा त्यसबाट मानिसहरुलाई उल्लेखित स्रोतहरुसम्मको बैधानिक पहुँचबाट वञ्चित नगरिने र उनीहरुको जीविकामा प्रतिकूल असर नपर्ने कुराको सुनिश्चितता गर्नुपर्छ।

८.८ भोगचलन र स्वामित्वको अधिकार प्रदान गर्ने अधिकार विभिन्न स्वरुपमाः सीमित प्रयोगको लागि होस या पूर्ण स्वामित्वको लागि होस राज्यहरुमा निहित रहन्छ। विभिन्न किसिमका भोगचलन र स्वामित्वको अधिकार र अधिकारवालाहरुको पहिचान राज्यको नीतिले प्रदान गर्नुपर्छ। त्यस्तो नीतिले भोगचलन र स्वामित्वको अधिकार प्रदान गर्ने विभिन्न विधिहरु जस्तै ऐतिहासिक प्रयोगको आधार वा अन्य कुनै विधिका आधारहरु निश्चित गर्नुपर्छ। भोगचलन र स्वामित्वको अधिकार प्रदान गरिएका व्यक्तिहरुलाई आफ्नो अधिकारको उपभोग गर्न आवश्यकता अनुसार सहायता उपलब्ध गराउनुपर्छ। राज्यहरुले आफूले प्रदान गरेका भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि आफूले कुनै किसिमको नियन्त्रण गर्ने वा नगर्ने सम्बन्धमा किटान गर्नुपर्छ।

८.९ राज्यहरुले विशेष गरी प्रथागत भोगचलनको प्रणाली रहेका आदिवासी, र अन्य समुदाय एवंम् सबैका लागि स्पष्ट, पहुँचयोग्य र बुझ्न सहज हुने गरी सामान्य कार्यविधिको प्रयोग गरी भोगचलन र स्वामित्वको अधिकारको वितरण र भोगचलन सम्बन्धी शासनको प्रत्यायोजन पारदर्शी तथा सहभागितामूलक प्रकृयाबाट गर्नुपर्छ। सबै संभाव्य सहभागीहरुलाई लैङ्गिकमैत्री सन्देशमार्फत उपयुक्त भाषामा सूचनाहरु उपलब्ध गराउनुपर्छ। राज्यहरुले हालसालै प्रदान गरिएका भोगचलनको अधिकारलाई सम्भव भएसम्म भोगचलनका अन्य अधिकारहरु रहेको एउटै अभिलेखमा राख्ने वा साझा ढाँचा तयार गरी त्यस्तो अभिलेखलाई एकआपसमा आबद्ध गर्ने कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ। राज्य तथा गैरराज्यपक्षहरुले भोगचलन र स्वामित्वको अधिकारको वितरणमा हुन सक्ने भ्रष्टाचार रोक्न थप प्रयास गर्नुपर्छ।

८.१० राज्यहरुले आफ्नो स्रोतसाधनले भ्याएसम्म भूमि, मत्स्यक्षेत्र तथा वनजंगलसँग सम्बन्धित शासन संचालनको अधिकारप्राप्त जिम्मेवार निकायहरुको मानवीय, भौतिक, आर्थिक तथा अन्य किसिमको क्षमता रहेको कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ। भोगचलन, स्वामित्व र अधिकार को शासन सम्बन्धी जिम्मेवारीहरु प्रत्यायोजन गरिएको अवस्थामा त्यस्तो जिम्मेवारी बहन गर्ने निकाय र व्यक्तिहरुलाई तोकिएको जिम्मेवारी पूरा गर्न सक्षम बनाउन तालिम तथा अन्य सहयोग प्रदान गरिनुपर्छ।

८.११ राज्यहरुले स्रोतहरुको वितरण सम्बन्धी कार्यक्रमबाट परेको प्रभावको अनुगमन गर्नुपर्छ। यसक्रममा खाद्य सुरक्षा तथा गरिबी निवारणमा परेको लैङ्गिक प्रभाव एवंम् सामाजिक, आर्थिक तथा वातावरणीय उद्देश्यहरुमा परेको प्रभावलाई समेत अनुगमन गरी आवश्यक देखिएमा सुधारका उपायहरु अवलम्बन गर्नुपर्छ।

## ९. प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली रहेका आदिवासी, जनजाति र अन्य समुदाय

९.१ प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली भएकाआदिवासी तथा अन्य समुदायहरुको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि सामाजिक, साँस्कृतिक, भावनात्मक, आर्थिक, वातावरणीय र राजनीतिक मूल्य रहन्छ भन्ने तथ्यलाई राज्य तथा गैरराज्य पक्षहरुले स्वीकार गर्नुपर्छ ।

९.२ भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि स्वशासनको अभ्यास गर्दै आएका प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली भएका आदिवासी, तथा अन्य समुदायहरुले ती स्रोतहरुमा महिलाहरुको न्यायोचित पहुँचको व्यवस्थालाई विशेष ध्यान दिदै न्यायोचित, सुरक्षित र दीगो अधिकार प्रदान गरी त्यसको प्रबर्द्धन गर्नुपर्छ । स्थानीय तथा परम्परागत संघसंस्थाहरुको माध्यमबाट समुदायका सबै सदस्यहरु पुरुष, महिला तथा युवाहरुको भोगचलन, स्वामित्व र अधिकारको प्रणाली र सामुहिक भोगचलन, स्वामित्व र अधिकारको प्रणालीसँग सम्बन्धित निर्णय प्रकृयामा प्रभावकारी सहभागिता प्रबर्द्धन गर्नुपर्छ । आवश्यकता अनुसार आफ्ना सदस्यहरुलाई निर्णय प्रकृया एवम् भोगचलन, स्वामित्व र अधिकार प्रणालीको प्रशासनमा पूर्ण रुपमा सहभागी गराउन समुदायहरुलाई सहयोग गर्नुपर्छ ।

९.३ राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरी आफ्ना सम्पूर्ण कृयाकलापहरु सञ्चालन हुने कुराको सुनिश्चित गर्नुपर्छ । आदिवासी जनताहरुका सन्दर्भमा, राज्यहरुले आवश्यकता अनुसार स्वतन्त्र मुलुकहरुका आदिवासी सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी (१६९ नं.), जैविक विविधता सम्बन्धी महासन्धी र आदिवासी सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र लगायतका संयन्त्रहरुले सिर्जना गरेका दायित्व र स्वैच्छिक प्रतिबद्धताहरुको कार्यान्वयन गरी आदिवासीहरुको मानव अधिकार संरक्षण, प्रबर्द्धन र कार्यान्वयन गर्नुपर्छ ।

९.४ राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरी प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली भएका आदिवासी तथा अन्य समुदायहरुको बैध भोगचलन र स्वामित्वको अधिकारलाई उचित मान्यता एवंम् संरक्षण प्रदान गर्नुपर्छ । यस क्रममा कुनै एक समुदायले मात्र प्रयोग गरिरहेका र विभिन्न समुदायहरुको साझा प्रयोगमा रहेका भूमि, मत्स्यक्षेत्र तथा वनजंगललाई ध्यान दिई भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन सम्बन्धी सामान्य सिद्धान्तहरुलाई सम्मान गर्नुपर्छ । भोगचलन र स्वामित्वको अधिकारलाई मान्यता प्रदान गरिएको विषयसँग सम्बन्धित सूचना पहुँचयोग्य स्थानमा सबैले बुझ्न सक्ने र सम्बन्धित भाषामा उपयुक्त स्वरुपमा सार्वजनिकीकरण गर्नुपर्छ ।

९.५ राज्यहरुले प्रथागत भोगचलनको प्रणाली भएका आदिवासी, तथा अन्य समुदायहरु बसोबास गर्दै आएका पुर्ख्यौली जग्गामा रहेको उनीहरुको बैध अधिकारलाई मान्यता र संरक्षण प्रदान गर्नुपर्छ । आदिवासी तथा प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली भएका अन्य समुदायहरुलाई उनीहरुको पुर्ख्यौली भूमिबाट जबरजस्ती निष्काशन गर्नुहुँदैन ।

९.६ राज्यहरुले प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली भएका आदिवासी र अन्य समुदायहरुको भोगचलन, स्वामित्व र अधिकारको प्रणालीलाई मान्यता दिनको लागि नीतिगत, कानुनी तथा संगठनात्मक संरचनाहरु अनुकूल हुनेगरी बिचार पुऱ्याउनुपर्छ । प्रथागत भोगचलन, स्वामित्व र अधिकार प्रणालीमा गरिने संबैधानिक तथा कानुनी सुधारले महिलाहरुको भोगचलन र स्वामित्वको अधिकारलाई सुदृढ तुल्याउने तर उनीहरुलाई परम्परासँगको द्वन्द्वमा पुऱ्याउने अवस्था सिर्जना भएमा प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणालीमा त्यस्ता सुधारहरु समावेश गर्न र सहजै ग्रहण गर्नसक्ने तुल्याउन सबै पक्षहरुले सहयोग गर्नुपर्छ ।

९.७ राज्यहरुले भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी नीति तथा कानुनहरुको मस्यौदा तयार गर्दा प्रथागत भोगचलन, स्वामित्व र अधिकार प्रणाली भएका आदिवासी तथा अन्य समुदायहरुको भोगचलन, स्वामित्व र अधिकार प्रणाली अन्तर्गत रहेका भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको सामाजिक, साँस्कृतिक, भावनात्मक, आर्थिक तथा वातावरणीय मूल्यलाई समेत ध्यान दिनुपर्छ। प्रथागत भोगचलन, स्वामित्व र अधिकार प्रणाली भएका आदिवासी, जनजाती र अन्य समुदायहरुको भोगचलन, स्वामित्व र अधिकार प्रणाली सम्बन्धी नीति तथा कानुन निर्माण गर्दा जोखिममा परेका तथा सीमान्तकृत समुदायका सदस्यहरु लगायत प्रभावित समुदायका सबै सदस्यहरु तथा प्रतिनिधिहरुलाई पूर्ण र प्रभावकारी रुपले सहभागी गराउनुपर्छ।

९.८ राज्यहरुले प्रथागत भोगचलन, स्वामित्व र अधिकार प्रणाली भएका आदिवासी, अन्य समुदायहरुको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि अरुले गर्न सक्ने अनाधिकृत प्रयोगबाट संरक्षण दिनुपर्छ। समुदायले विरोध नगरेको अवस्थामा समुदायको प्रयोग र नियन्त्रणमा रहेको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको प्रकृति र अवस्थिति सम्बन्धमा राज्यले औपचारिक रुपले अभिलेख राख्न र सूचनाहरुको प्रचारप्रसार गर्न सहयोग गर्नुपर्छ। प्रथागत भोगचलन, स्वामित्व र अधिकार प्रणाली भएका आदिवासी तथा अन्य समुदायहरुको भोगचलन र स्वामित्वको अधिकारको औपचारिक अभिलेख तयार गर्दा प्रतिस्पर्धी दाबीहरु हुन नदिन तिनलाई अन्य सार्वजनिक, निजी तथा सामुदायिके भोगचलन र स्वामित्वको अधिकारहरुसँगै अभिलेखन गर्नुपर्छ।

९.९ राज्य र अन्य पक्षहरुले समुदायको अधिकारमा रहेको श्रोतहरुमा असर पर्ने गरी कुनै पनि परियोजना शुरु गर्नु परेमा वा विधायिकी वार प्रशासनिक उपायहरु अवलम्बन एवम् कार्यान्वयन गर्नु परेमा सो अघि असल नियतका साथ आदिवासीहरुसंगंपरामर्श गर्नुपर्छ। यस्ता आयोजनाहरु आदिवासीसंगको तिनीहरुकै प्रतिनिधिमुलक संघसंस्था मार्फत परामर्श प्रकृयामा सहभागी गराई स्वतन्त्र र पूर्वजानकारिको सहमति सहित गरिएको प्रभावकारी र अर्थपूर्ण परामर्शमा एवम् आदिवासी, अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र अनुकूल र सम्बन्धित मुलुकका खास अडान र बुझाईलाई उच्च सम्मान सहितको प्रक्रियामा आधारित हुनु पर्छ। गर्दै । परामर्श र निर्णय प्रकृया भयरहित एवंम् विश्वासको वातावरणमा संचालित हुनुपर्दछ। अनुच्छेद ३(ख)६ मा उल्लेख गरिएका परामर्श तथा सहभागिता सम्बन्धी सिद्धान्तहरु यो दफामा उल्लेख गरिएका अन्य समुदायहरुको सन्दर्भमा पनि लागू गर्नुपर्नेछ।

९.१० राज्य तथा गैर राज्यपक्षहरुले आवश्यकता अनुसार प्रभावित समुदायहरुको प्रतिनिधिमुलक संघसंस्थाहरुसँग मिलेर र प्रभावित समुदायहरुसँगको सहयोगमा त्यस्तो प्रभावित समुदायहरुलाई अविभेदकारी र लैङ्गिक संवेदनशील तरिकाबाट नीति, कानुन तथा परियोजनाहरु निर्माणमा सहभागी गराउनका लागि प्राविधिक तथा कानुनी सहायता उपलब्ध गराउन प्रयत्नशील हुनुपर्छ।

९.११ राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुको उचित सम्मान हुने गरी प्रथागत भोगचलन, स्वामित्व र अधिकार प्रणाली भएका आदिवासी र अन्य समुदायहरुले आफ्नो समुदाय भित्र उत्पन्न हुने भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी द्वन्द्वहरु समाधान गर्नका लागि अपनाएका परमपरागत कार्यविधिहरुलाई सम्मान र प्रबर्द्धन गर्नुपर्दछ। एकभन्दा बढि समुदायहरुले प्रयोग गरिरहेको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलसँग सम्बन्धित विवादहरुको समाधान गर्ने विधिहरुलाई सुदृढ र विकसित गर्नुपर्छ।

९.१२ राज्य तथा गैरराज्यपक्षहरुले प्रथागत भोगचलन, स्वामित्व र अधिकार प्रणाली भएका आदिवासी र अन्य समुदायहरुको भोगचलन, स्वामित्व र अधिकार प्रणाली सम्बन्धमा हुन सक्ने भ्रष्टाचारलाई परामर्श र सहभागिता तथा समुदायहरुको सशक्तीकरणद्वारा रोकथाम गर्ने प्रयत्न गर्नुपर्छ।

## १०. अनौपचारिक भोगचलन, स्वामित्व र अधिकार

१०.१ भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको अनौपचारिक भोगचलन, स्वामित्व र अधिकारको प्रचलन रहेको अवस्थामा राज्यहरुले त्यस्तो प्रचलनलाई यस हिसाबले स्वीकार गर्नु पर्दछ की यसले राष्ट्रिय कानुन अन्तर्गतका मौजुदा औपचारिक अधिकारहरुलाई सम्मान गर्छ र वास्तविक अवस्थाको यथार्थतालाई स्वीकार गर्दै सामाजिक, आर्थिक तथा वातावरणीय हितलाई प्रबर्द्धन गर्दछ। राज्यहरुले अनौपचारिक भोगचलन, स्वामित्व र अधिकारलाई मान्यता दिनका लागि नीति तथा कानुनको प्रबर्द्धन गर्नुपर्छ। यस्ता नीति तथा कानुन निर्माण गर्ने प्रकृया सहभागितामूलक र लैङ्गिक संवेदनशील हुनुपर्दछ र यस्ता नीतिमा प्रभावित समुदाय तथा व्यक्तिहरुलाई प्राविधिक एवंम् कानुनी सहायता प्रदान गर्ने व्यवस्था राख्न प्रयत्नशील हुनुपर्छ। राज्यहरुले, विशेषगरी, ठूलो संख्यामा हुने बसाइसराईले गर्दा अनौपचारिक भोगचलन, स्वामित्व र अधिकारको प्रचलन बढिरहेको तथ्यलाई स्वीकार गर्नुपर्दछ।

१०.२ राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरी अनौपचारिक भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी सम्पूर्ण कार्यहरु सञ्चालन हुने र आवश्यकता अनुसार पर्याप्त आवासको अधिकारलाई समेत ध्यान दिने कुराको सुनिश्चितता प्रदान गर्नुपर्दछ।

१०.३ जब जब राज्यहरुले अनौपचारिक भोगचलन, स्वामित्व र अधिकारको प्रचलनलाई कानुनी मान्यता दिन्छ, यो कार्य सहभागितामूलक र लैङ्गिक संवेदनशील प्रकृयाहरुको माध्यमबाट गरिनु पर्छ र यस क्रममा मोहीहरुलाई विशेष सम्मान प्रदान गरिनुपर्दछ। यसो गर्दा राज्यहरुले किसान तथा साना परिमाणका खाद्यान्न उत्पादनकर्ताहरुलाई विशेष ध्यान दिनुपर्छ। यी प्रकृयाहरुले बैध सेवाहरुमा पहुँच कायम गर्न तथा लागत कटौती गर्न सहजीकरण गर्नुपर्छ। राज्यहरुले समुदाय र सहभागीहरुलाई प्राविधिक एवंम् कानुनी सहायता उपलब्ध गराउन प्रयत्नशील हुनुपर्छ।

१०.४ राज्यहरुले भूमिको उपयोग परिवर्तन र भूमिको विकासको लागि अत्यन्त जटिल कानूनी र प्रशासनिक शर्तहरुको कारणबाट सिर्जना भएको अनौपचारिक भोगचलन, स्वामित्व र अधिकारको प्रणालीलाई सीमित गर्न सबै उपयुक्त उपायहरु अवलम्बन गर्नुपर्छ। यस्तो अवस्थामा आफ्ना सबै कार्यहरु राज्यको शर्त र विधि अनुरुप भएको भनी प्रमाण पुऱ्याउने भार घटाउनको लागि विकासका शर्त र प्रकृयाहरु स्पष्ट, सरल र पालना गर्न सकिने किसिमको हुनुपर्छ।

१०.५ राज्यहरुले खासगरी पारदर्शीताको अभिवृद्धि गरी, निर्णयकर्तालाई निर्णयप्रति उत्तरदायी बनाई र शीघ्र रुपमा निष्पक्ष निर्णय हुने कुराको सुनिश्चितता गरी भ्रष्टाचार रोक्ने प्रयास गर्नुपर्छ।

१०.६ अनौपचारिक भोगचलन, स्वामित्व र अधिकारको प्रचलनलाई कानुनी मान्यता दिन सम्भव नभएको अवस्थामा राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनका प्रचलित दायित्वहरु र परिच्छेद १६ का संबद्ध व्यवस्थाहरुको उल्लंघन हुने गरी जबरजस्ती निष्काशन गर्ने कार्य रोक्नुपर्छ।

# भोगचलन र स्वामित्वको अधिकार एवम् कर्तव्यहरुको हस्तान्तरण तथा अन्य परिवर्तनहरु

यस भागले मौजुदा अधिकार तथा सम्बद्ध कर्तव्यहरुको बजार, लगानी मार्फत भोगचलन र स्वामित्वको अधिकारको कारोवार, चक्लाबन्दी र अन्य पुनर्समायोजनका विधिहरु, पुनर्प्राप्ति, पुनर्वितरण सहितको भूमिसुधार वा अधिग्रहणको विधिबाट स्वैच्छिक वा अस्वैच्छिक तवरले हस्तान्तरण वा पुनर्वितरण भएको अवस्थामा भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारको शासन सञ्चालनको विधिलाई सम्बोधन गर्दछ ।

## ११. बजार

११.१ भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको प्रयोग तथा स्वामित्व सम्बन्धी अधिकारको हस्तान्तरणको क्रममा हुने स्वच्छ र पारदर्शी विक्री तथा भाडा (लिज) प्रकृयालाई राज्यहरुले उपयुक्तता अनुसार मान्यता दिई सहजीकरण गर्नुपर्छ । बजार सञ्चालित भएको अवस्थामा भोगचलन र स्वामित्वको अधिकारको हकमा राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गर्ने गरी आफ्ना सबै कृयाकलापहरु सञ्चालित भएको सुनिश्चित गर्नुपर्छ । भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन र स्वामित्व सम्बन्धी अधिकारसँग सम्बन्धित कारोबार, भूमिको उपयोग सम्बन्धी राष्ट्रिय नियमन अनुरुप हुनुपर्छ र यसले विकासको प्रमुख लक्ष्यलाई प्रतिकूल असर पुऱ्याउनु हुँदैन ।

११.२ राज्यहरुले द्वन्द्व र अस्थिरता न्यूनीकरण गर्नको लागि भोगचलन र स्वामित्वको अधिकारको पारस्परिक लाभ हस्तान्तरणको निमित्त समान शर्त र अवसर अन्तर्गत बजारको प्रभावकारी र पारदर्शी सञ्चालनलाई सहजीकरण गर्नुपर्छ । यसैगरी भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको दिगो उपयोग एवंम् वातावरणको संरक्षणलाई प्रवर्द्धन गर्न सम्बन्धित सन्धी अनुसार हुने गरी भूमि, मत्स्यक्षेत्र तथा वनजंगलसँग सम्बन्धित आनुवांशिक स्रोतहरुको स्वच्छ र न्यायोचित प्रयोगलाई प्रवर्द्धन गर्न, आर्थिक अवसरहरुको विस्तार गर्न र गरिबहरुको सहभागिता वृद्धि गर्न राज्यले सहजीकरण गर्नुपर्दछ । मुनाफा हुने अनुमान गरी गरिने जग्गाको कारोबार, जग्गाको केन्द्रीकरण र भोगचलनको परम्परागत स्वरुपको दुरुपयोग आदिबाट स्थानीय समुदायहरु, आदिवासी, तथा जोखिममा परेका समुहहरुमाथि पर्न सक्ने अनपेक्षित असरहरु रोक्न राज्यले उपायहरु अवलम्बन गर्नुपर्छ । नियमन नगरिएको बजारले सामाजिक, साँस्कृतिक र वातावरणीय मूल्यहरुलाई सदैव टेवा पुऱ्याउँदैन भन्ने तथ्यलाई राज्य तथा गैरराज्यपक्षहरुले स्वीकार गर्नुपर्छ । त्यसैले भोगचलन सम्बन्धी उपयुक्त नीति र कानुनद्वारा राज्यले समाजको बृहत्तर हितलाई संरक्षण गर्नुपर्छ ।

११.३ राज्यहरुले पारदर्शी र प्रभावकारी रुपले बजार सञ्चालित हुने सुनिश्चित गर्न, विभेदरहित पहुँच उपलब्ध गराउन र बजार प्रतिस्पर्धालाई अवरुद्ध गर्ने अभ्यासहरु रोक्न नीति तथा कानुनहरु बनाई नियमन गर्ने

प्रणाली र निकायहरु स्थापना गर्नुपर्छ। राज्यहरुले गरिब तथा अति जोखिममा परेका व्यक्तिहरुको बजारमा हुने सहभागितालाई निरुत्साहित गर्ने तत्वहरुलाई हटाउन प्रशासनिक कार्यविधिहरुलाई सरलीकरण गर्नुपर्छ।

११.४ राज्य तथा अन्य पक्षहरुले गोपनियताको हकको अधीनमा रही बजार कारोबार तथा बजारमूल्य पारदर्शी रहेको र यससँग सम्बन्धित सूचनाहरु व्यापक रुपले प्रचारप्रसार गरिएको सुनिश्चित गर्नुपर्छ। यस क्रममा सूचनाहरुको अनुगमन गरी बजारले प्रतिकूल असर पारेको वा व्यापक एवंम् न्यायोचित सहभागितालाई निरुत्साहित गरेको पाइएमा आवश्यक कारवाही गर्नुपर्छ।

११.५ राज्यहरुले भोगचलनको अधिकार तथा कर्तव्य सम्बन्धी सूचनाहरुलाई पहुँचयोग्य बनाउन, भोगचलनको सुरक्षामा वृद्धि गर्न र कारोबारको लागत तथा जोखिम न्यूनीकरण गर्न जग्गा दर्ता गर्ने व्यवस्था लगायत उपयुक्त र भरपर्दो अभिलेख प्रणाली स्थापना गर्नुपर्छ।

११.६ राज्यहरुले पति वा पत्नी, परिवारका सदस्यहरुवा अन्य व्यक्तिहरु जसलाई अभिलेखन प्रणाली जस्तै मोठ श्रेस्तामा बैध भोगचलन र स्वामित्वको अधिकारवालाको रुपमा जनाइएको छैन तिनको बैध भोगचलन र स्वामित्वको अधिकारको संरक्षण गर्ने संयन्त्रको स्थापना गर्नुपर्छ।

११.७ राज्य तथा गैरराज्यपक्षहरुले संबद्ध आचरण सम्बन्धी मापदण्डहरुको पालना गर्नुपर्छ। सार्वजनिक सूचना प्रवाहको माध्यमद्वारा भ्रष्टाचार रोक्नको लागि बजारको सञ्चालनमा ती मापदण्डहरुको प्रचारप्रसार तथा कार्यान्वयनको अनुगमन समेत गर्नुपर्छ।

११.८ राष्ट्रिय खाद्य सुरक्षा तथा सामाजिक स्थिरताको लागि साना उत्पादकर्ताहरुको महत्व रहने सन्दर्भमा भोगचलन र स्वामित्वको अधिकार हस्तान्तरण सम्बन्धी कारोबार गर्ने बजारको सञ्चालनलाई सहजीकरण गर्दा राज्यहरुले साना उत्पादनकर्ताहरुको भोगचलन र स्वामित्वको अधिकारलाई संरक्षण प्रदान गर्नुपर्छ।

४

## १२. लगानी

१२.१ राज्य तथा गैरराज्यपक्षहरुले खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न जिम्मेवारपूर्ण सार्वजनिक तथा निजी लगानि अत्यावश्यक रहेको कुरालाई स्वीकार गर्नुपर्छ। भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी जिम्मेवारपूर्ण शासन व्यवस्थाले दीगो कृषि उत्पादन र आयमा उच्च वृद्धि हुने गरी यी स्रोतहरुमा जिम्मेवार ढंगले लगानी गर्न यी श्रोतहरुका अधिकारवालाहरुलाई प्रोत्साहित गर्दछ। राज्यहरुले खेतीपाती प्रणालीको विविधता अन्तर्गत बृहत्तर सामाजिक, आर्थिक तथा वातावरणीय उद्देश्यहरुलाई सहयोग पुग्ने गरी भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमा हुने जिम्मेवारपूर्ण लगानीलाई प्रबर्द्धन र सहयोग गर्नुपर्छ। राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका दायित्व अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरी आफ्ना सम्पूर्ण कृयाकलापहरु सञ्चालित रहेको सुनिश्चित गर्नुपर्छ।

१२.२ विकासशील देशका साना उत्पादनकर्ता र तिनका संगठनहरुले खाद्य सुरक्षा, पोषण, गरिबी निवारण र वातावरणीय दीगोपनमा महत्वपूर्ण योगदान पुर्‍याउन कृषि लगानीमा महत्वपूर्ण हिस्सा उपलब्ध गराउँछन् भन्ने तथ्यलाई विचार गरी राज्यहरुले साना किसानहरुको लगानीका साथै सार्वजनिक तथा निजी साना उत्पादनकर्तामैत्री लगानीलाई सहयोग गर्नुपर्छ।

१२.३ भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमा गरिएको लगानीको परिणामस्वरुप सिर्जना हुने भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी कारोबारका सबै स्वरुपहरु पारदर्शी रुपमा सञ्चालित हुनुको साथै सम्बन्धित राष्ट्रको क्षेत्रगत नीतिहरु, सामाजिक तथा आर्थिक वृद्धिका उद्देश्यहरु एवंम् साना किसानहरुलाई जोड दिइएको दीगो मानवीय विकास अनुरुप हुनुपर्छ।

१२.४ जिम्मेवारपूर्ण लगानीले कसैलाई कुनै हानी नोक्सानी पुऱ्याउनु हुँदैन, यसले भोगचलन र स्वामित्वको बैध अधिकारकर्ताहरुलाई भोगचलन र स्वामित्वबाट बेदखली गर्ने कार्य र वातावरणीय क्षय विरुद्ध सुरक्षण प्रदान गरी मानव अधिकारको सम्मान गर्नुपर्छ। सरकारका संबद्ध तहहरु र भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भो गचलन र स्वामित्वको अधिकार भएका स्थानीय व्यक्तिहरुसँगको सहभागितामा यस्तो लगानी गर्नुपर्छ। यसबाट गरिबी निवारण, खाद्य सुरक्षा, भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको दीगो उपयोग, स्थानीय समुदायहरुलाई सहयो ग प्रदान, ग्रामिण विकासमा योगदान, स्थानीय खाद्यान्न उत्पादन प्रणालीको प्रबर्द्धन एवंम् सुरक्षा, दीगो आर्थिक तथा सामाजिक विकासको अभिवृद्धि, रोजगारीको सिर्जना, जीविकाको विविधीकरण एवंम् मुलुक तथा यसका गरीब तथा अति जोखिममा परेका वर्ग लगायत सबै जनताको कल्याण गर्ने जस्ता नीतिगत उद्देश्यहरुमा थप योगदान पुग्ने अवस्था हुनुपर्छ। यस्तो लगानी राष्ट्रिय कानुन तथा श्रम सम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय मापदण्ड एवंम् संबद्ध अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्डसँग सम्बन्धित उत्तरदायित्वहरु अनुरुप हुनुपर्छ।

१२.५ राज्यहरुले उपयुक्त परामर्श र सहभागितामा भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित अनुमतियो ग्य कारोबारहरुको परिमाण, क्षेत्र र प्रकृतिको सम्बन्धमा पारदर्शी नियमहरु बनाउनु पर्छ र राष्ट्रिय सन्दर्भमा भोगचलन र स्वामित्वको अधिकारको कारोबार सँग सम्बन्धित ठूलो परिमाणको कारोबार कसलाई भन्ने कुराको परिभाषा गर्नुपर्दछ।

१२.६ राज्यहरुले भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित ठूलो परिमाणको कारोबारबाट उत्पन्न हुने जोखिमहरुबाट सुरक्षा प्रदान गर्न भोगचलन र स्वामित्वको बैध अधिकार, मानव अधिकार, जीविका, खाद्य सुरक्षा र वातावरणको संरक्षण गर्नुपर्छ। यस्तो संरक्षण अन्तर्गत अनुमतियोग्य भूमि कारोबारको हदबन्दी वा सीमाको व्यवस्था र निश्चित परिमाण भन्दा बढीको कारोबारलाई नियमन गर्ने र स्वीकृत गर्ने प्रकृया जस्तै संसदीय स्वीकृति जस्ता विषयहरु पर्दछन्। राज्यहरुले लगानीकर्ताहलाई ठूलो परिमाणको भोगचलन र स्वामित्वको अधिकारको हस्तान्तरण नहुने गरी विभिन्न किसिमका उत्पादन र लगानीका विधिहरुलाई प्रबर्द्धन गर्न विचार गर्नुपर्छ र यस क्रममा भोगचलन र स्वामित्वको अधिकार रहेका स्थानीय व्यक्तिहरुसँग साझेदारी गर्न प्रोत्साहित गर्नुपर्छ।

१२.७ आदिवासी, तथा तिनका समुदायहरुको सम्बन्धमा राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरु उदाहरणको लागि आवश्यकता अनुसार स्वतन्त्र मुलुकका आदिवासी तथा जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धी (नं. १६९) तथा आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणाको उचित सम्मान गरी आफ्ना सबै कृयाकलापहरु सञ्चालित भएको सुनिश्चित गर्नुपर्छ। आदिवासी समुदायहरुको अधिकार रहेको स्रोतहरुलाई प्रभाव पार्ने कुनै पनि परियोजनामा लगानी गर्नु पूर्व राज्य तथा अन्य पक्षहरुले आदिवासीसँग असल नियतले परामर्श गर्नुपर्छ। यस्ता परियोजनाहरु अनुच्छेद ९.९ मा उल्ले ख गरिएबमोजिम आदिवासी समुदायका सदस्यहरुसँगको प्रभावकारी एवंम् अर्थपूर्ण परामर्शमा आधारित हुनुपर्छ। यी निर्देशिकाहरुको परामर्श तथा सहभागिता सम्बन्धी सिद्धान्तहरु अन्य समुदायहरुको स्रो तसाधनको प्रयोग गरी सञ्चालन गरिने लगानीहरुको सन्दर्भमा समेत लागू हुन्छ।

१२.८ राज्यहरुले प्रभावित सबै पक्षहरुको सहभागितामा यो निर्देशिकाको परामर्श तथा सहभागिता सम्बन्धी सिद्धान्तहरु अनुकूल हुने गरी जिम्मेवारपूर्ण लगानीलाई प्रबर्द्धन गर्ने शर्तहरु निर्धारण गर्नुपर्दछ। जिम्मेवारपूर्ण लगानीलाई प्रो त्साहन, मानव अधिकारको सम्मान र खाद्य सुरक्षा एवंम् वातावरणको दीगो उपयोगलाई प्रबर्द्धन गर्ने सम्बन्धमा नीति तथा कानुनको निर्माण गरी प्रचारप्रसार गर्नुपर्छ। लगानीको लागि संबद्ध पक्षहरुको पारस्परिक अधिकार र कर्तव्यहरुको स्पष्ट परिभाषित गर्ने सम्झौताको अनिवार्यतालाई कानुनले व्यवस्था गर्नुपर्छ। लगानीको लागि सम्झौता गर्दा राष्ट्रिय कानुनी संरचना र लगानी संहितासँग मेल खाने हुनुपर्छ।

१२.९ राज्यहरुले यी निर्देशिकाहरुमा भएका भोगचलन र स्वामित्वको अधिकारको कारोबार सम्बन्धी सबै स्वरुपहरु परामर्श तथा सहभागिता सम्बन्धी सिद्धान्तहरुसगं मेल खाने गरी साझेदारी सम्झौता अवलम्वन गरी लगानीको व्यवस्था गर्नुपर्छ र यसक्रममा सहायक अधिकार लगायतका भोगचलनको अधिकार प्राप्त गरेका व्यक्तिहरुको अधिकारलाई प्रभाव पार्न सक्ने कुरालाई समेत विचार पुऱ्याउनुपर्छ। राज्य तथा अन्य संबद्ध पक्षहरुले व्यक्ति, परिवार तथा समुदायलाई तिनको भोगचलनको अधिकारबारे सूचित गर्नुपर्छ।

परामर्श तथा सहभागिताका लागि क्षमता अभिवृद्धि गर्न सहयोग गर्नुको साथै आवश्यकता अनुसार व्यवसायिक सहायता समेत उपलब्ध गराउनुपर्छ ।

१२.१० राज्यहरुले भोगचलन र स्वामित्वको अधिकारको हकमा जब ठूलो परिमाणको कारोबारसँग सम्बन्धित लगानीमा हुन्छ, त्यस्तो लगानीका कारणले भोगचलन र स्वामित्वको अधिकार, खाद्य सुरक्षा एवंम् उपयुक्त खाद्यमा अधिकारको बढोत्तरीको अनुभूति, मानिसहरुको जीविका तथा वातावरणमा पर्न सक्ने संभाव्य सकारात्मक र नकारात्मक प्रभावको बारेमा लगानीका पक्षहरुले लगानीपूर्व नै स्वतन्त्र अध्ययन गर्नुपर्ने गरी आवश्यक व्यवस्था गर्न प्रयत्नशील रहनुपर्छ । यस क्रममा प्रचलित बैध भोगचलन र स्वामित्वको अधिकार तथा दाबीहरु, प्रथागत तथा अनौपचारिक भोगचलन, साना स्तरका उत्पादक लगायत त्यस्तो लगानीबाट प्रभावित हुने अन्य व्यक्तिहरुको अधिकार र जीविकाको विषयलाई प्रणालीगत एवंम् निष्पक्ष रुपमा पहिचान गरिएको कुराको सुनिश्चित गर्नुपर्छ । यसरी पहिचान गर्ने प्रकृया यी निर्देशिकाहरुको परामर्श तथा सहभागिता सम्बन्धी सिद्धान्तहरु अनुकूल हुने गरी प्रभावित सबै पक्षहरुसँगको परामर्शद्वारा सञ्चालित भएको हुनुपर्छ । त्यस्तो लगानीका कारण प्रचलित भोगचलन र स्वामित्वको अधिकारको विरुद्धमा कुनै सम्झौता नहुने कुराको राज्यले सुनिश्चित गर्नुपर्छ ।

१२.११ सबै सम्बन्धित पक्षहरु वार्तामा संलग्न र पूर्ण रुपले सूचित भएको सुनिश्चित गर्न सम्झौता पक्षले पूर्ण जानकारी उपलब्ध गराउनु पर्छ । यसका साथै सम्झौताको अभिलेखीकरण गरिएको र प्रभावित व्यक्तिहरुले त्यस्तो सम्झौताको बारेमा ज्ञान राखेको कुरालाई सम्झौता पक्षहरुले सुनिश्चित गर्नुपर्छ । यस क्रममा हुने वार्ताको प्रकृया अविभेदकारी र लैङ्गिक रुपले संवेदनशील हुनुपर्छ ।

१२.१२ यी निर्देशिकाहरुमा उल्लेखित गैरराज्यपक्षका लागि समावेशी सिद्धान्त अनुकूल हुने गरी राष्ट्रिय कानुन तथा अन्य व्यक्तिहरुको भोगचलन र स्वामित्वको अधिकार तथा कानुनको शासनलाई सम्मान गर्ने दायित्व लगानीकर्ताहरुको रहने छ । लगानीका कारण खाद्य असुरक्षा तथा वातावरणीय विनाशको अवस्था उत्पन्न हुनुहुँदैन ।

४

१२.१३ राज्य, लगानीकर्ताहरु एवंम् भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन र स्वामित्वको अधिकार पाएका व्यक्तिहरुलाई सेवा प्रदान गर्ने पेशाकर्मीहरुले आफूलाई जे जस्तो विशेष अनुरोध गरिएको भए तापनि त्यस्तो सेवा प्रदान गर्दा आफ्नो योग्यताले भ्याएसम्म उत्कृष्टरुपले सावधानीपूर्वक गर्नुपर्छ ।

१२.१४ राज्य तथा प्रभावित पक्षहरुले भोगचलन र स्वामित्वको अधिकारको विषयमा भएको ठूलो परिमाणको कारोबारसँग सम्बन्धित प्राप्ति तथा साझेदारी लगायतका सम्झौताहरुको कार्यान्वयन तथा प्रभावको बारेमा प्रभावकारी रुपले अनुगमन गर्न योगदान गर्नुपर्छ । आवश्यकता अनुसार भोगचलन तथा अन्य अधिकारको संरक्षण गर्न र पीडित पक्षहरुले उल्लेखित कार्यहरुको लागि अनुरोध गर्न सक्ने गरी सम्झौताहरुको कार्यान्वयन गर्न संयन्त्रको व्यवस्था गर्नको लागि राज्यहरुले ठोस कार्य गर्नुपर्छ ।

१२.१५ राज्यहरुले विदेशी मुलुकमा लगानीको लागि प्रबर्द्धनात्मक कार्य गर्दा बैध भोगचलन र स्वामित्वको अधिकारको संरक्षण, खाद्य सुरक्षाको प्रबर्द्धन एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी तथा आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान हुने गरी त्यस्ता कार्यहरु गरिएको कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ ।

## १३. जग्गा एकीकरण तथा पुनर्समायोजन सम्बन्धी अन्य विधिहरु

१३.१ राज्यहरुले हकवाला वा उपयोगकर्ताहरुले आफ्नो कित्ता वा भोगचलनमा रहेको जग्गाको स्वरुप वा उपयोगमा सुधार गर्न तथा खाद्य सुरक्षा तथा दीगो रुपमा ग्रामिण विकासको प्रबर्द्धन गर्न जग्गाको चक्लाबन्दी, सट्टापट्टा वा कित्ता वा भोगचलनमा रहेको जग्गाको पुनर्समायोजनका अन्य स्वैच्छिक विधिहरुको प्रयोग गर्न सकिने सम्बन्धमा विचार गर्नु पर्दछ । राज्यहरुले यसो गर्दा आफ्नो सबै कार्यहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरी आफूले गरेको कुराको सुनिश्चितता प्रदान गर्नुपर्छ। यसका साथै त्यस्तो योजना लागू भएपछि पहिलेको तुलनामा त्यस्तो योजनाका सहभागी व्यक्तिहरु आर्थिक रुपले थप सम्पन्न भएको सुनिश्चित गर्नुपर्छ। त्यस्ता विधिहरुको प्रयोग एकल बैधानिक पुनर्समायोजनमा बहुहकवालाहरु र उपयोगकर्ताहरुको प्राथमिकतालाई समन्वय गर्न गर्नुपर्छ।

१३.२ राज्यहरुले चक्लाबन्दीको कार्यक्रमबाट लाभान्वीत हुने व्यक्तिहरुलाई जग्गा वितरण नगरेसम्म उपयुक्तता अनुसार जग्गा प्राप्त गर्न र अस्थायी रुपमा भोगचलन गर्नको लागि सहज तुल्याउन चक्लाबन्दीको कार्यक्रमअन्तर्गत भूमि बैंकको स्थापना गर्न तर्फ विचार गर्न सक्छन।

१३.३ राज्यहरुले उपयुक्तता अनुसार वातावरणीय संरक्षण र पूवार्धार सम्बन्धी परियोजनाहरुको लागि निजी जग्गा प्राप्त गर्न सहजीकरण गर्न चक्लाबन्दी र भूमि बैंकलाई प्रोत्साहन गर्न र प्रभावित हकवाला, किसान तथा साना परिमाणका खाद्यान्न उत्पादनकर्तालाई भूमिमा गरिने उत्पादन कार्यलाई निरन्तरता दिन र अझ बढी उत्पादन गर्न सहयोग पुऱ्याउन क्षतिपूर्तिको रुपमा भूमि उपलब्ध गराउन तर्फ विचार गर्न सक्छन।

१३.४ साना किसानहरुको पारिवारिक खेतबारी तथा वनजंगलमा भएको खण्डीकरणले उत्पादन लागत बढ्ने हुँदा त्यस्ता खेतबारी तथा वनजंगलको संरचनामा सुधार गर्न राज्यहरुले चक्लाबन्दी तथा भूमि बैंकको सम्बन्धमा विचार गर्न सक्नेछ। तर खण्डीकरणका कारण जोखिमको न्यूनता र बालीको विविधीकरणमा फाइदा पुगेको छ भने चक्लाबन्दीको कार्यान्वयनलाई राज्यले रोक्नुपर्छ। चक्लाबन्दी सम्बन्धी आयो जनाहरुलाई सिंचाई प्रणाली र स्थानीय सडकको पुनर्स्थापना जस्ता किसानहरुको लागि कार्यान्वयनमा ल्याइएका सहयोगी कार्यक्रमहरु संग आबद्ध गरिनु पर्छ। चक्लाबन्दी कार्यक्रममा भएको लगानीलाई सुरक्षित गर्न चक्लाबन्दी गरिएका कित्ताहरुको भविष्यमा कित्ताकाट नहुने उपायहरु विकास गरिनुपर्छ।

१३.५ राज्यहरुले स्थानीय आवश्यकता अनुकूल हुने गरी जग्गा पुनर्समायोजनको विधिका लागि विशिष्ट रणनीतिहरुको विकास गर्नुपर्छ। त्यस्ता रणनीतिहरु सामाजिक, आर्थिक र वातावरणीय रुपमा दिगो र लैङ्गिक रुपले संवेदनशील हुनुपर्छ। रणनीतिहरुले पुनर्समायोजन विधिका सिद्धान्त र उद्देश्य एवंम् लाभहरुको पहिचान गर्नुपर्छ र सार्वजनिक, निजीक्षेत्र, साना किसान तथा साना परिमाणका उत्पादनकर्ताको संगठन, माझी, वनजंगलको प्रयोगकर्ता तथा प्राज्ञिक संगठनहरुको क्षमता र ज्ञानमा अभिवृद्धि गर्न सक्नुपर्छ। कित्ताहरु वा भोगचलनमा रहेका जग्गाको पुनर्व्यवस्थापन वा तिनको उपयोग वा प्रयोगको लागि कानुनले स्पष्ट र सुलभ प्रकृयाहरु स्थापना गर्नुपर्छ।

१३.६ राज्यहरुले पुनर्समायोजन विधि अपनाई परियोजनामा उपयुक्त सुरक्षाको व्यवस्था गर्नुपर्छ। आयोजनाले प्रभाव पार्न सक्ने व्यक्ति, समुदाय र जनतासँग सम्पर्क गरी उपयुक्त भाषामा उनीहरुलाई पर्याप्त सूचना उपलब्ध गराउनुपर्छ। प्राविधिक र कानुनी सहायता समेत प्रदान गरिनुपर्छ। आदिवासीको अधिकारलाई ध्यानमा राख्दै सहभागितामूलक र लैङ्गिक संवेदनशील अवधारणाहरुको प्रयोग गर्नुपर्छ। जैविक विविधताको क्षयीकरण तथा हानीलाई रोक्न वा न्यूनीकरण गर्न वातावरणीय सुरक्षा प्रणाली स्थापना गरी उचित भूमि व्यवस्थापन, असल अभ्यास तथा पुनर्आवाद प्रबर्द्धन गर्ने जस्ता परिवर्तनहरुलाई पुरस्कृत गर्नुपर्छ।

## १४. पुनर्प्राप्ति (फिर्ता)

१४.१ भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको वैध भोगचलन र स्वामित्वको अधिकारमा हानी नोक्सानी पुगेमा राष्ट्रिय परिवेशलाई समेत ध्यानमा राखी राज्यहरुले उपयुक्तता अनुसार पुनर्प्राप्ति गराउने सम्बन्धमा विचार गर्नुपर्छ। राज्यहरुले सम्पूर्ण कृयाकलापहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरी सञ्चालन गरिने कुराको सुनिश्चितता गर्नुपर्छ।

१४.२ सम्भव भएसम्म सम्बन्धित राष्ट्रिय निकायको सहमतिमा पीडित वा तिनको हकदार व्यक्तिहरुलाई साविकको कित्ता वा भोगचलन गरिएका जग्गा फिर्ता गर्नुपर्छ। साविकको कित्ता वा भोगचलन गरिएको जग्गा फिर्ता गर्न नसकिने अवस्थामा राज्यहरुले प्रभावित सबै व्यक्तिहरुलाई समान व्यवहारको सुनिश्चितता गर्दै जतिसक्दो छिटो उचित क्षतिपूर्तिको रुपमा रकम वा बैकल्पिक भूमि वा दुबै उपलब्ध गराउनुपर्छ।

१४.३ आदिवासीहरुको पुनर्प्राप्ति सम्बन्धी सरोकारहरुलाई उपयुक्तता अनुरुप राष्ट्रिय परिवेश तथा कानुन अनुकूल हुने गरी सम्बोधन गर्नुपर्छ।

१४.४ राज्यहरुले पुनर्प्राप्तिको स्पष्ट र पारदर्शी प्रकृयाहरुको लागि लैङ्गिक संवेदनशील नीति तथा कानुनको निर्माण गर्नुपर्छ। पुनर्प्राप्ति सम्बन्धी कार्यविधिको सूचना उपयुक्त भाषामा व्यापक रुपले प्रचारप्रसार गर्नुपर्छ। दाबी गर्ने पक्षलाई प्रकृयाको अवधिभर सहायता स्वरुप कानुनी सहायता वा कानुनको सामान्य ज्ञान भएका व्यक्तिहरुबाट पुऱ्याइने आधारभूत कानूनी सेवा (पारालिगल) लगायतका पर्याप्त सहायता उपलब्ध गराउनुपर्छ। राज्यले पुनर्प्राप्ति सम्बन्धी दाबीहरुलाई तत्काल कारवाहीको लागि प्रकृया अघि बढाइएको कुराको सुनिश्चित गर्नुपर्छ। राज्यले आवश्यकता अनुसार दाबी गर्न सफल पक्षलाई तिनको भोगचलन र स्वामित्वको अधिकारको उपभोग गर्न र आफ्ना दायित्वहरु पूरा गर्न सहज बनाउन सहयोगी सेवाहरु उपलब्ध गराउनुपर्छ। कार्यान्वयनको प्रगतिलाई व्यापक रुपले प्रचारप्रसार गर्नुपर्छ।

## १५. पुनर्वितरणात्मक सुधार

४

१५.१ पुनर्वितरणात्मक सुधारले भूमिको न्यायोचित पहुँच तथा समावेशी ग्रामिण विकासमा बृहत रुपले सहजीकरण गर्न सक्छ। यस सम्बन्धमा राज्यहरुले राष्ट्रिय परिवेशमा आवश्यकता अनुसार सार्वजनिक वितरण तथा स्वेच्छिक एवंम् बजारमा आधारित संयन्त्रहरु एवंम् सार्वजनिक प्रयोजनको लागि निजी भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको अधिग्रहण गर्ने कुरालाई विचार गर्न सक्छ।

१५.२ राज्यले पुनर्वितरणात्मक सुधारको कार्यान्वयनको सन्दर्भमा भूमिको हदबन्दीलाई नीतिगत विकल्पको रुपमा विचार गर्न सक्छ।

१५.३ भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमाथि पहुँचको अभावको कारण सिर्जित व्यापकरुपमा भएको स्वामित्वको केन्द्रीकरण उच्च तहको ग्रामिण गरिबीसँग जोडिएको छ। उक्त अवस्थामा दफा १५ को व्यवस्था र बैध भोगचलन गरिरहेका व्यक्तिहरुको अधिकार अनुकूल हने गरी राष्ट्रिय सन्दर्भ तथा राष्ट्रिय कानुन अनुसार सामाजिक, आर्थिक, वातावरणीय एवंम् अन्य कारणहरुको सन्दर्भमा पूनर्वितरणात्मक सुधारले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमा पुरुष तथा महिलाको समान पहुँचको प्रत्याभूत गर्नुपर्छ।

१५.४ राज्यहरुले पुनर्वितरणात्मक सुधारको कार्यान्वयन गर्न चाहेमा त्यस्ता सुधारहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गरी सञ्चालन गरिने कुराको सुनिश्चित गर्नुपर्छ। त्यस्ता सुधारहरु कानुनको शासन अनुकूल हुनुपर्छ। राष्ट्रिय कानुन तथा कार्यविधि अनुरुप त्यस्ता सुधारहरुको कार्यान्वयन गर्नुपर्छ। राज्यले सबै पक्षहरुको आवश्यकतालाई सन्तुलनमा राखी पुनर्वितरणात्मक सुधारको लागि प्रयोग गर्नुपर्ने पद्धतिको विषयमा यो निर्देशिकाको सिद्धान्त अनुकूल हुने गरी परामर्श गर्न सहजीकरण गर्नुपर्छ। राज्य, समुदाय, नागरिक समाज, नीजि क्षेत्र, किसान तथा साना परिमाणका खाद्यान्न उत्पादनकर्ता माझी तथा वनजंगलको प्रयोगकर्ताहरुका बीचमा साझेदारी निर्माण गर्नुपर्छ। उपभोक्ताहरुबाट अपेक्षा गरिएका आर्थिक एवंम् अन्य योगदानहरु न्यायसंगत हुनुपर्छ र त्यस्तो योगदानका कारण उनीहरु धान्नै नसक्ने गरी ऋणको बोझमा पर्ने स्थिति सिर्जना हुनु हुँदैन। भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन र स्वामित्वको अधिकार भएका व्यक्तिले त्यस्ता अधिकार त्याग गर्दा अनुचित ढिलाई बिना सो बराबरको रकम पाउनुपर्छ।

१५.५ राज्यले पुनर्वितरणात्मक सुधार कार्यान्वयन गर्न चाहेमा स्पष्ट रुपमा त्यस्तो सुधार कार्यक्रमका उद्देश्यहरु निश्चित गरी त्यस्तो पुनर्वितरणबाट छुट हुने जग्गाको परिमाण समेत तोक्नुपर्छ। यस क्रममा अपेक्षा गरिएका लाभ पाउने व्यक्तिहरु जस्तै करेसाबारी खोज्ने परिवारहरु, सुविधा विहीन बर्गहरु, सीमान्तकृत समुह, युवा, आदिवासी जनजातिहरु, साना परिमाणका खाद्यान्न उत्पादन गर्ने र संकलन गर्ने व्यक्तिहरु स्पष्ट रुपमा किटान गरिनुपर्छ।

१५.६ राज्यले पुनर्वितरणात्मक सुधारको कार्यान्वयन गर्न चाहेको खण्डमा तिनलाई दीगो बनाउनका लागि सहभागितामुलक प्रकृयाबाट नीति तथा कानुन निर्माण गर्नुपर्छ। राज्यहरुले समुदाय, परिवार तथा व्यक्तिले आफूले कमाएको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलबाट पर्याप्त जीविका प्राप्त गर्न चाहेमा उपभोक्ताहरुलाई सहयोग पुऱ्याउने खालका नीति तथा कानुन निर्माण गरिएको कुराको सुनिश्चित गर्नुपर्छ। साथै पुनर्वितरणात्मक सुधारको कार्यान्वयन गरिँदा महिला तथा पुरुषबीच समान व्यवहार हुने कुराको सुनिश्चितता गर्नुपर्छ। राज्यहरुले पुनर्वितरणात्मक सुधारका उपलब्धी एवंम् प्राप्त अपेक्षित असरहरुको दीगोपनामा भाँजो हाल्न सक्ने नीतिहरुको पुनरावलोकन गर्नुपर्छ।

१५.७ पुनर्वितरणात्मक सुधारको बारेमा विचार गर्दा राज्यहरुले चाहेमा त्यस्तो सुधारले भोगचलन र स्वामित्वको अधिकार, खाद्य सुरक्षा र उपयुक्त खाद्यान्नको अधिकारमा बढोत्तरीको अनुभूति, जीविका तथा वातावरणमा पार्न सक्ने सम्भाव्य सकारात्मक तथा नकारात्मक प्रभावहरुको मूल्याङ्कन गर्न सक्छन। यी निर्देशिकाहरुका परामर्श तथा सहभागिताका सिद्धान्तहरु अनुकूल हुने गरी त्यस्तो मूल्याङ्कन गर्नुपर्छ। उपभोक्ताहरुलाई सहयोग पुऱ्याउने र पुनर्वितरणात्मक कार्यक्रमहरुमा सुधार गर्ने उपायहरुको निर्धारण गर्ने आधारको रुपमा त्यस्तो मूल्याङ्कनलाई प्रयोग गर्न सकिन्छ।

१५.८ पुनर्वितरणात्मक भूमिसुधार कार्यक्रमले लाभान्वित व्यक्तिहरुका आवश्यकताहरु जस्तैः ऋणमा पहुँच, बाली बीमा, सामाग्री, बजार, ग्रामिण विस्तारमा प्राविधिक सहयोग, कृषि क्षेत्रको विकास तथा आवासमा पूर्ण मात्राको सहयोगको सुनिश्चित गर्नुपर्छ। यस्तो सहयोग सम्बन्धी व्यवस्थाले उपभोक्ताहरुबाट हुने भूमिको परिवर्तनलाई राज्यले सम्बोधन गर्नुपर्छ। भूमिसुधार एवंम् सहयोग सेवाको लागत लगायतका सबै लागतलाई शुरुमै पहिचान गरी त्यसलाई संबद्ध बजेटमा समावेश गर्नुपर्छ।

१५.९ राज्यहरुले पारदर्शी, सहभागितामूलक र उत्तरदायी पद्धति तथा कार्यविधिका माध्यमबाट पुनर्वितरणात्मक सुधारको कार्यान्वयन गर्नुपर्छ। राष्ट्रिय कानुन तथा अनुच्छेद १६ का व्यवस्था बमोजिम सबै प्रभावित पक्षहरुलाई उचित प्रकृयाद्वारा न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ। पिछडिएको समुह लगायतका सबै प्रभावित पक्षहरुलाई लैङ्गिक लक्षित सन्देश लगायतका माध्यमबाट सुधारको बारेमा पूर्ण र स्पष्ट जानकारी प्रवाह गर्नुपर्छ। खुला प्रकृयाबाट उपभोक्ताहरुको चयन गर्नुपर्छ। सार्वजनिक रुपमा अभिलेखाङ्कन गरिएका सुरक्षित भोगचलन र स्वामित्वको अधिकार प्राप्त गर्नुपर्छ। उनीहरुलाई राष्ट्रिय कानुन अन्तर्गत द्वन्द्व समाधानका माध्यमहरुमा पहुँच उपलब्ध गराउनु पर्दछ। राज्यहरुले विशेष गरी व्यापक पारदर्शीता र सहभागिताको माध्यमबाट पुनर्वितरणात्मक सुधार कार्यक्रममा हुन सक्ने भ्रष्टाचार रोक्ने प्रयास गर्नुपर्छ।

१५.१० पुनर्वितरणात्मक सुधार एवंम् अनुच्छेद १५.८ मा उल्लेख गरिएका संबद्ध सहयोगी नीतिहरुको उपलब्धी तथा त्यस्ता सुधार र नीतिहरुले पुरुष तथा महिलाहरुको भूमि तथा खाद्य सुरक्षाको पहुँचमा पारेको प्रभावको अनुगमन तथा मूल्याङ्कन संग्लन पक्षहरुको सहभागितामा गर्नुपर्छ। आवश्यकता अनुसार सुधारात्मक उपायहरु समेत अवलम्बन गर्नुपर्छ।

## १६. अधिग्रहण तथा क्षतिपूर्ति

१६.१ राष्ट्रिय कानुनको अधिनमा रही एवंम् राष्ट्रिय परिवेश अनुरुप राज्यले सार्वजनिक उद्देश्यका लागि आवश्यक परेको खण्डमा मात्रै भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको अधिग्रहण गर्नुपर्छ। राज्यहरुले न्यायिक पुनरावलो

४

कनको अनुमति दिनको लागि सार्वजनिक उद्देश्यको अवधारणालाई कानुनमा स्पष्ट रुपले परिभाषित गर्नुपर्छ । राज्यहरुले आफ्ना सम्पूर्ण कृयाकलापहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका प्रचलित दायित्वहरु अनुकूल हुने गरी एवंम् आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धतालाई उचित सम्मान हुने गरी सञ्चालन गरिने कुराको सुनिश्चित गर्नुपर्छ । राज्यहरुले सबै बर्ग विशेषगरी जोखिममा परेका तथा सीमान्तकृत समुह एवंम् बैध भोगचलन र स्वामित्वको अधिकार भएका हकवालाहरुलाई राष्ट्रिय कानुन अन्तर्गत आवश्यक न्यूनतम स्रोतसाधन उपलब्ध गराउन र यथाशीघ्र यथोचित क्षतिपूर्ति प्रदान गरी उनीहरुको भोगचलन र स्वामित्वको अधिकारलाई सम्मान गर्नुपर्छ ।

१६.२ राज्यहरुले अधिग्रहणको योजना र प्रकृया पारदर्शी एवंम् सहभागितामूलक भएको सुनिश्चित गर्नुपर्छ । अधिग्रहणबाट प्रभावित हुन सक्ने सबै व्यक्तिलाई पहिचान गरी यस सम्बन्धमा उचित रुपले सूचित गरी प्रत्येक प्रकृयामा उनीहरुसँग परामर्श गर्नुपर्छ । त्यस्तो परामर्श यो निर्देशिकाका सिद्धान्तहरु अनुकूल हुने गरी गरिएको हुनुपर्छ । साथै सार्वजनिक उद्देश्य प्राप्त गर्न सम्भाव्य वैकल्पिक विधि सम्बन्धी सूचना उपलब्ध गराई उनीहरुको जीविकामा पर्नसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने रणनीतिहरुका बारेमा ध्यान दिनुपर्छ । राज्यहरु विशेषगरी साँस्कृतिक, धार्मिक तथा वातावरणीय महत्व भएको क्षेत्रको साथै गरिब तथा जोखिममा परेका वर्गको जीविकामा विशेष महत्व राख्ने भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको प्रस्तावित अधिग्रहणको विषयमा संवेदनशील हुनुपर्छ ।

१६.३ राज्यहरुले राष्ट्रिय कानुन अनुरुप निष्पक्ष मूल्याङ्कन र शीघ्र क्षतिपूर्तिको सुनिश्चितता प्रदान गर्नुपर्छ । क्षतिपूर्तिका स्वरुपहरु मध्ये नगद वा बैकल्पिक भूमिमा अधिकार प्रदान वा दुवै हुन सक्छन ।

१६.४ आफ्नो स्रोतसाधानले भ्याएसम्म राज्यहरुले कार्यान्वयनकारी निकायहरुसँग मानवीय, भौतिक, आर्थिक एवंम् अन्य प्रकृतिको क्षमता भएको सुनिश्चित गर्नुपर्छ ।

१६.५ राज्यहरुले परियोजनामा परिवर्तन भएको कारणले अधिग्रहण गरिएका भूमि, मत्स्यक्षेत्र तथा वनजंगल आवश्यक नपरेको खण्डमा त्यस्ता स्रोतहरु साविककै हकदारलाईफिर्ता प्राप्त पहिलो अवसर प्रदान गर्नुपर्छ । यसरी अधिग्रहण गरिएका स्रोतहरु सम्बन्धित पक्षलाई फिर्ता गर्दा अधिग्रहण गरिएको समयमा पीडित पक्षलाई दिइएको मुआब्जा तथा क्षतिपूर्तिको रकम फिर्ता लिने सम्बन्धमा विचार पुऱ्याउनु पर्छ ।

१६.६ सबै पक्षहरुले विशेषगरी वस्तुगत रुपमा मूल्य निर्धारण गरेर पारदर्शीता तथा विकेन्द्रित प्रकृया र पूनरावेदनको अधिकारको माध्यमबाट भ्रष्टाचार रोक्ने प्रयास गर्नुपर्छ ।

१६.७ सार्वजनिक उद्देश्यको लागि भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको अधिग्रहण गरिएको कारणले जग्गाबाट विस्थापन गर्न उपयुक्त ठानिएको अवस्थामा राज्यले मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्नुपर्ने आफ्नो संबद्ध दायित्वहरु अनुकूल हुने गरी त्यस्तो विस्थापन तथा त्यसबाट प्रभावित सबै पक्षहरुलाई उचित ढंगले सम्बोधन गर्नुपर्छ ।

१६.८ राज्यहरुले व्यक्ति तथा समुदायहरुलाई उत्पादनमूलक स्रोतको पहुँचबाट वञ्चित हुन सक्ने गरी भूमिबाट विस्थापन वा स्थानान्तरण गर्नुअघि त्यसरी प्रभावितहुने पक्षहरु संग यी निर्देशिकाहरुको सिद्धान्त अनुकूल हुने गरी परामर्श गरी त्यसरी विस्थापन गर्नुपर्ने आवश्यकतालाई हटाउने वा कम्तिमा न्यून गर्ने गरी उचित विकल्प खोज्नुपर्छ ।

१६.९ जबरजस्ती विस्थापन वा स्थानान्तरणको कारणबाट व्यक्तिहरु घरबार विहीन हुने वा मानव अधिकारको उल्लंघन भई जोखिममा पर्ने अवस्था सिर्जना हुनुहुँदैन । त्यस्ता प्रभावित व्यक्तिहरुले आफ्नो लागि आफैं व्यवस्था गर्न नसकेमा राज्यहरुले आफ्नो स्रोतसाधनले भ्याएसम्म त्यस्ता व्यक्तिरुको लागि अवस्था अनुसार पर्याप्त वैकल्पिक घरबासको व्यवस्था, पुनर्वसोवास वा उत्पादनमूलक भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमा पहुँचको निम्ति उपयुक्त उपायहरु अवलम्बन गर्नुपर्छ ।

भाग ५

# भोगचलन, स्वामित्व र अधिकारको प्रशासन

यस भागले भोगचलन र स्वामित्वको अधिकारको अभिलेख, मूल्याङ्कन कर निर्धारण, भूमिको व्यवस्थित प्रयोग सम्बन्धी योजनाको नियमन, भोगचलन सम्बन्धी विवादको समधान एवंम् अन्तर-सीमानाको विषयको सन्दर्भबाट भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको शासन सम्बन्धी प्रशासनलाई सम्बोधन गर्दछ ।

## १७. भोगचलनर स्वामित्वको अधिकारको अभिलेख

१७.१ राज्यहरुले आफ्नो, सार्वजनिक तथा नीजिक्षेत्र एवंम् प्रथागत भोगचलन र स्वामित्वको प्रणाली रहेका अदिवासी जनजाति तथा अन्य समुदाय समेतको भोगचलन र स्वामित्व सम्बन्धी अधिकारको सुरक्षामा सुधार गर्न र स्थानीय समाज तथा बजारको सञ्चालनको लागि व्यक्तिगत तथा सामुहिक अधिकारहरु अभिलेखन गर्ने जस्तै दर्ता, नापजाँच, भोगचलनको अनुमति प्रदान गर्ने व्यवस्था गर्नुपर्छ । यस्तो व्यवस्थाले भोगचलन र स्वामित्वको अधिकार तथा कर्तव्य, त्यस्तो अधिकार तथा कर्तव्य रहेका व्यक्तिहरु तथा भूमि, मत्स्यक्षेत्र र बनजंगलसँग सम्बन्धित अधिकार तथा कर्तव्यको सन्दर्भमा त्यस्ता स्रोतहरुको इकाईजस्ता विषय अभिलेखन गर्ने, अद्यावधिक गर्ने र सार्वजनिकीकरण गर्ने व्यवस्थालाई समेटनु पर्छ ।

१७.२ राज्यहरुले आफ्नो विशेष परिस्थिती एवंम् उपलब्ध मानवीय तथा आर्थिक स्रोत अनुसार उपयुक्त हुने गरी अभिलेख प्रणालीको व्यवस्था गर्नुपर्दछ । सामाजिक तथा साँस्कृतिक रुपमा उपयुक्त हुने गरी आदिवासि तथा परम्परागत भोगचलन प्रणाली भएका अन्य समुदायहरुको अधिकार अभिलेखन गर्ने प्रणालीको विकास र प्रयोग गर्नुपर्छ । पारदर्शिता प्रबर्द्धन गर्न भूमिको व्यवस्थित प्रयोग सम्बन्धी योजनासँग सम्बन्धित जानकारी तथा स्रोतहरुसँग सामञ्जस्यता कायम गर्न र अन्य प्रयोजनको निमित्त राज्यहरुले प्रचलित अभिलेख प्रणाली र भूमिको व्यवस्थित प्रयोग सम्बन्धी योजनासँग सम्बन्धित जानकारीहरुलाई एकीकृत रुपमा अभिव्यक्त गर्ने प्रारुप विकास गर्न प्रयास गर्नुपर्छ । राज्य, सार्वजनिक क्षेत्र, नीजिक्षेत्र तथा आदिवासी एवंम् प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली रहेका अन्य समुदायहरुको भोगचलन सम्बन्धी अभिलेख एकीकृत रुपमा राज्यले अभिलेखबद्ध गर्नुपर्छ । प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली भएका आदिवासी जनजाती तथा अन्य समुदायहरुको भोगचलन र स्वामित्व सम्बन्धी अधिकार, अनौपचारिक बसोबासमा भएको कब्जाको अभिलेख राख्न सम्भव नभएमा ती क्षेत्रहरुमा प्रतिस्पर्धी अधिकारहरुको अभिलेख कायम हुने कुरालाई रोक्न खास ध्यान पुऱ्याउनु पर्छ ।

१७.३ राज्यहरुले प्रत्येक व्यक्तिले भोगचलन सम्बन्धी आफ्नो अधिकारलाई औपचारक रुपले अभिलेखन गराउन सक्ने र कुनै पनि किसिमको भेदभाव विना त्यस्तो अधिकारका बारेमा जानकारी पाउन सक्ने कुराको सुनिश्चितता प्रदान गर्ने प्रयास गर्नुपर्छ । आवश्यकता अनुसार जग्गा दर्ता गर्ने निकाय जस्ता कार्यान्वयन निकायहरुले महिला, गरिब र जोखिममा परेका व्यक्तिहरुको पहुँचको सुनिश्चिततालाई विचार गरी सेवा केन्द्रहरु र घुम्ति कार्यालयहरु स्थापना गर्नुपर्छ । सर्वसाधारणहरुलाई भोगचलन र स्वामित्व सम्बन्धी

अधिकारबारे जानकारी प्रवाह गर्नको लागि राज्यले स्थानीय तहमा उपलब्ध व्यवसायिक व्यक्तिहरु जस्तै कानुनविद्, नोटरी, अमिन र सामाजिक वैज्ञानिकहरुलाई प्रयोग गर्नतर्फ विचार गर्नुपर्छ ।

१७.४ कार्यान्वयन निकायहरुले सेवा प्रवाहको मूल्य घटाउन स्थानीय रुपमा उपयुक्त प्रविधि र सरल कार्यविधि अवलम्बन गर्नुपर्छ । जमिनको कित्ता र अन्य इकाईहरुको क्षेत्रगत वा भौतिक अवस्थितिको शुद्धता स्थानीय आवश्यकता अनुसार पहिचान गर्न पर्याप्त हुनुपर्छ । समयक्रममा हुने क्षेत्रगत इकाईको परिवर्तनको यथार्थ स्थिति समेत आवश्यकता अनुसार उपलब्ध गराउनुपर्छ । भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी अभिलेखलाई प्रयोग गर्नको लागि सहजीकरण गर्न कार्यान्वयन निकायहरुले भोगचलन र स्वामित्वको अधिकार, सो अधिकार उपभोग गर्ने कर्ताहरु तथा सो अधिकारसँग सम्बन्धित क्षेत्रगत इकाईहरुका बारेमा सूचनाहरुको सञ्जाल स्थापित गर्नुपर्दछ । प्रतिस्पर्धात्मक तथा मिसमास भएका अधिकारहरुको पहिचान गर्न अनुमति दिने गरी भूमिको क्षेत्रगत इकाई र अधिकारकर्ताहरुको आधारमा अभिलेखलाई सूचीबद्ध गर्नुपर्छ । राज्यका निकाय तथा स्थानीय सरकारलाई उनीहरुको सेवा प्रवाहमा सुधार ल्याउन भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी अभिलेख उपलब्ध गराउनुपर्दछ । राष्ट्रिय मापदण्ड अनुसार भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित एकीकृत तथा खण्डीकृत तथ्यांङ्क र जानकारी प्रवाह गर्नुपर्छ ।

१७.५ गोपनियताको प्रतिबन्धको अधिनमा रही भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित जानकारी सबैका लागि सहज ढंगले उपलब्ध हुने कुराको सुनिश्तिता गर्नुपर्छ । गोपनियताको प्रतिबन्धले भ्रष्ट्र्चारजन्य तथा गैरकानुनी कारोवारलाई पहिचान गर्नको लागि सार्वजनिक रुपमा जाँच गर्ने र निगरानी गर्ने कुरालाई अनावश्यक रुपमा अंकुश लगाउनु हुँदैन । भोगचलनको अधिकारको अभिलेख गर्दा हुन सक्ने भष्ट्र्चारलाई रोक्नका लागि राज्य र गैरराज्य पक्षले यस सम्बन्धी प्रकृया, शर्तहरु, शुल्क तथा अन्य छुट र सेवा प्राप्तिमा गरिएका अनुरोधलाई सम्बोधन गर्ने समय सीमाको प्रचारप्रसार गरी आवश्यक प्रयत्न राज्यले गर्नुपर्छ ।

## १८. मूल्याङकन

१८.१ विषेश प्रयोजन जस्तै बजारको सञ्चालन, ऋणको सुरक्षण, लगानीको परिणाम स्वरुप भोगचलन र स्वामित्वको अधिकारको कारोबार वा हस्तान्तरण, जग्गा अधिग्रहण र कर निर्धारणको लागि राज्यहरुले स्वच्छ र समयानुकुल भोगचलन र स्वामित्वको अधिकारको मूल्याङ्कन गर्ने प्रणाली प्रयोगमा रहेको कुराको सुचिश्चित गर्नुपर्छ । यस्तो प्रणालीले व्यापक रुपले सामाजिक, आर्थिक, वातावरणीय र दिगो विकासको उद्देश्यहरुलाई प्रवर्द्धन गर्नुपर्छ ।

५

१८.२ मूल्याङ्कनसँग सम्बन्धित नीति र कानुनहरुले मूल्याङ्कन प्रणालीले सम्भव भएसम्म बजार मूल्य भन्दा बाहेकका अन्य मूल्यहरु उदाहरणको लागि सामाजिक, साँस्कृतिक, धार्मिक, भावनात्मक तथा वातावरणीय मूल्यहरुलाई समेत उचित ध्यान पुऱ्याउनु पर्ने कुरालाई सुनिश्चित गर्नको लागि आवश्यक प्रयास गर्नुपर्दछ ।

१८.३ राज्यहरुले भोगचलनको अधिकारको मूल्याङ्कनमा पारदर्शीता प्रोत्साहित गर्ने किसिमका आवश्यक नीति तथा कानुनहरुको तर्जुमा गर्नुपर्छ । यथार्थ र भरपर्दो मूल्य निर्धारण गर्ने आधार उपलब्ध गराउनको लागि राज्यहरुले विक्रि मूल्य र अरु संबद्ध जानकारीहरुको अभिलेखिकरण र विश्लेषण गरी पहुँचयोग्य समेत बनाउनुपर्छ ।

१८.४ सरकारी, व्यवसायिक र अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्नुपर्दा राज्यहरु तथा अन्य पक्षहरुले राष्ट्रिय मापदण्डको विकास तथा प्रचार प्रसार गर्नुपर्छ । त्यस्तो राष्ट्रिय मापदण्ड संबद्ध अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी बनाइएको हुनुपर्छ । यसको लागि कर्मचारीहरुलाई दिइने तालिममा मूल्याङ्कन पद्धति र अन्तर्राष्ट्रिय मापदण्ड समेत समाविष्ट गर्नुपर्दछ ।

१८.५ कार्यान्वयन निकायहरुले आफुहरुले गरेको मूल्याङ्कनसँग सम्बन्धित जानकारी तथा विश्लेषणहरु राष्ट्रिय मापदण्ड अनुसार सर्वसाधारणलाई उपलब्ध गराउनुपर्छ। राज्यहरुले सूचना तथा पद्धतिहरुमा पारदर्शीता अभिबृद्धि गरी मूल्याङ्कन, सार्वजनिक स्रोतहरुको प्रशासन, क्षतिपूर्ति तथा कम्पनीको खाता र ऋणमा हुने भ्रष्टाचारलाई रोक्ने प्रयास गर्नुपर्दछ।

## १९. कर सम्बन्धी व्यवस्था

१९.१ राज्यहरुले सामाजिक, आर्थिक तथा वातावरणीय उद्देश्यहरुको प्राप्तिमा योगदान पुऱ्याउनको लागि भोगचलन र स्वामित्व सम्बन्धी अधिकारमा कर लगाई राजश्व उठाउने अधिकार राख्दछन। उल्लिखित उद्देश्यहरु अन्तर्गत लगानीलाई प्रोत्साहित गर्ने वा स्वामित्व वा अन्य भोगचलनको अधिकारको परिकल्पना वा केन्द्रीकरणका कारण हुन सक्ने अनपेक्षित प्रभावहरुलाई रोक्ने कुराहरु पर्न सक्छन्। कर प्रणालीले सामाजिक, आर्थिक र वातावरणीय रुपले अनुकूल हुने व्यवहारहरु जस्तै कारोवार वा हक हस्तान्तरणको दर्ता (रजिष्ट्रेशन) वा पूर्ण विक्रि मूल्यको घोषणा गर्ने जस्ता कार्यहरुलाई प्रोत्साहित गर्नुपर्दछ।

१९.२ भोगचलन र स्वामित्वको अधिकारमाथि कर लगाउने बिषयसँग सम्बन्धित सबै पक्षहरुलाई नियमन गर्नको लागि राज्यहरुले आवश्यक नीति, कानुन र संगठनात्मक संरचना विकास गर्ने प्रयास गर्नुपर्छ। सरकारका विकेन्द्रीकृत तहहरुलाई प्रभावकारी रुपले वित्तीय प्रबन्ध उपलब्ध गराउन र सेवा तथा संरचनाहरुको स्थानीय व्यबस्थाको लागि कर सम्बन्धी नीति तथा कानुनहरुको प्रयोग गर्नुपर्छ।

१९.३ राज्यहरुले चुस्ततापूर्वक र पारदर्शीरुपले कर प्रणालीको प्रशासन गर्नुपर्छ। कार्यान्वयन निकायका कर्मचारीहरुको तालिममा कर प्रशासनको पद्धति सम्बन्धी बिषय समावेश हुनुपर्छ। कर वास्तविक मूल्यमा आधारित हुनुपर्छ। मूल्याङ्कन तथा करयोग्य रकमको कर निर्धारण सार्वजनिक गर्नुपर्छ। मूल्याङ्कन तथा कर निर्धारणका विरुद्ध करदातालाई पुनरावेदन गर्ने अधिकार प्रदान गर्नुपर्छ। राज्यहरुले वस्तुगत रुपमा कर निर्धारण गरिएको विषयमा पारदर्शीता अभिबृद्धि गरी कर प्रणालीको प्रशासनमा हुने भ्रष्टाचार रोक्ने प्रयास गर्नुपर्छ।

## २०. नियमबद्ध भू उपयोग योजना

२०.१ भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाले भोगचलन र स्वामित्वको अधिकारको उपभोगमा कानुनी सिमीतताद्वारा प्रभाव पार्दछ। राज्यहरुले भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाको नियमन गने ' कार्य गरी त्यस्तो योजनाको अनुगमन एवंम् योजना अनुसार कार्यान्वयन गर्ने कुरालाई सुनिश्चित गर्नुपर्छ। यसका साथै प्रस्तुत निर्देशिकाको उद्देश्य प्रबर्द्धन हुने गरी राज्यहरुले सन्तुलित र दीगो क्षेत्रीय विकासको योजना बनाई कार्यान्वयन गर्नुपर्छ। यस सम्बन्धमा भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको उपयोग गर्ने फरक उद्देश्यहरुबीच तालमेल र एकरुपता कायम गर्नुपर्दछ।

२०.२ भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाको नियमन गर्दा राज्यले परामर्श र सहभागिताद्वारा लैङ्गिक रुपले संवेदनशील नीति तथा कानुनहरु बनाई प्रचारप्रसार समेत गर्नुपर्छ। आवश्यकता अनुसार औपचारिक योजना प्रणालीले प्रथागत भोगचलन, स्वामित्व र अधिकारको प्रणाली भएका आदिवासि तथा अन्य समुदायले प्रयोग गरेका योजना र क्षेत्रीय विकासको पद्धति एवंम् ती समुदाय भित्र रहेको निर्णय गर्ने प्रकृयालाई समेत ध्यान दिनुपर्दछ।

२०.३ भूमि, मत्स्यक्षेत्र तथा वनजंगल एवंम् ती स्रोतहरुको उपयोगबीचको अन्योन्याश्रित सम्बन्धलाई र ती स्रोतहरुको उपयोग सम्बन्धी लैङ्गिक दृष्टिकोण समेतलाई मान्यता दिई राज्यहरुले भूमिको व्यवस्थित उपयो

५

ग सम्बन्धी योजना सञ्चालन गर्नुपर्छ। यस क्रममा राज्यहरुले सार्वजनिक, सामुदायिक एवंम् निजी हितहरुबीच समन्वय र प्राथमिकीकरण गरी ग्रामिण, कृषि सम्बन्धी, घुमन्ते व्यक्तिहरुको, शहरी तथा वातावरणीय प्रयोगको निम्ति आवश्यक पर्ने कुराहरुको व्यबस्थापन गर्नुपर्छ। भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाले सबै किसिमका भोगचलन र स्वामित्व सम्बन्धी अधिकार र दोहोरो एवंम् आवधिक अधिकार समेतलाई ध्यान दिनुपर्छ। भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाको लागि उपयुक्त रुपले जोखिमको बिश्लेषण गर्ने पद्धति समेत हुनुपर्छ। भूमिको व्यवस्थित उपयोग सम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय योजनाहरु बीच समन्वय हुनुपर्दछ।

२०.४ राज्यहरुले योजना प्रस्ताव गर्दा र योजनाको मस्यौदा पुनरावलोकन गर्दा आदिवासी र खाद्यान्न उत्पादन गर्ने समुदाय लगायतका प्रभावितहुने समुदायको प्राथमिकता र हितलाई प्रतिबिम्बित गर्ने कुराको सुनिश्चितताको लागि व्यापक रुपले जनसहभागिता हुने कुराको सुनिश्चित गर्नुपर्छ। योजना तयारीको प्रकृयामा त्यस्ता समुदायहरुलाई आवश्यकता अनुसार सहयोग उपलब्ध गराउनुपर्दछ। भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाको अन्तिम मस्यौदामा सर्वसाधारण जनताले सहभागिताबाट पुऱ्याएको योगदान कसरी प्रतिबिम्बित गरिएको छ भनी कार्यान्वयन निकायले सार्वजनिक गर्नुपर्छ। खासगरी विद्यमान नियमनमा गरिने परिवर्तन आदिबाट भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाको कार्यान्वयन गर्ने अधिकारको अनुचित प्रयोगका विरुद्ध सुरक्षण प्राणालीको स्थापना गरी राज्यहरुले यस सम्बन्धमा हुने भ्रष्टाचार नियन्त्रण गर्न प्रयास गनुपर्छ। कार्यान्वयन निकायले अनुगमन गर्दा देखिएको भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाको पालनाको परिणाम सम्बन्धी प्रतिवेदन दिनुपर्छ।

२०.५ भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाले कृषि, पर्यावरणीय पद्धति र दिगोपनमा अभिवृद्धि तथा भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको विविधतायुक्त दीगो व्यवस्थापन तथा जलवायु परिवर्तन र खाद्य सुरक्षाका चुनौतिहरुलाई सम्बोधन गर्नुपर्ने आवश्यकतालाई प्रबर्द्धन गर्ने कुरालाई उचित ध्यान दिनुपर्दछ।

## २१. भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी विवादहरुको समाधान

२१.१ राज्यहरुले निष्पक्ष र सक्षम न्यायिक एवं प्रशासनिक निकाय मार्फत भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित विवादहरुको शीघ्र, सुलभ र प्रभावकारी समाधानको उपाय प्रदान गनपुर्दछ। त्यस्ता विवादहरुको समधान गर्ने बैकल्पिक उपाय सहित सर्वसाधारणको पहुँच उपलव्ध गराउनुपर्छ। यसका साथै राज्यहरुले प्रभावकारी उपचार र पुनरावेदन गर्ने अधिकार प्रदान गरी त्यस्तो उपचार शीघ्र रुपमा कार्यान्वयनमा समेत आउनुपर्छ। राज्यले यस क्रममा प्रारम्भिक चरणमा नै संभाव्य विवादहरु हुन नदिन वा समधान गर्न कार्यान्वयन निकाय भित्रै वा बाह्य रुपमा सबै संयन्त्रहरु उपलब्ध गराउनुपर्छ। विवाद समाधान गर्ने सेवाहरुको सन्दर्भमा स्थान, भाषा र प्रकृयामा महिला, पुरुष लगायत सबैको पहुँच पुगेको अवस्था रहनुपर्छ।

२१.२ राज्यहरुले भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी विवादहरु हेर्ने विशिष्टीकृत न्यायाधिकरण वा निकायहरुको स्थापना गर्ने र विवादको प्राविधिक पक्ष हेर्नको लागि न्यायिक निकायहरुभित्र विशेषज्ञको पद समेत सिर्जना गर्ने कुरालाई बिचार गर्न सक्छन्। यसका साथै राज्यहरुले नियमन गर्ने भूमिको व्यवस्थित उपयोग सम्बन्धी योजनाको नापजाँच र मूल्याङ्कनसँग सम्बन्धित विवादहरु हेर्नको लागि विशेष न्यायधिकरणहरु स्थापना गर्न विचार गर्न सक्छन्।

२१.३ राज्यहरुले खासगरी स्थानीय तहमा विवाद समधानका बैकल्पिक तरिकाहरुलाई सुदृढ गरी विकास गर्नुपर्छ। राज्यहरुले परम्परागत वा विवाद समधान गर्ने स्थापित तरिकाहरु विद्यमान भएको अवस्थामा भोगचलन र स्वामित्वको अधिकारसँग संबन्धित विवादहरुलाई शीघ्र रुपमा समधान गर्नको लागि निष्पक्ष, भरपर्दो, पहुँचयोग्य र अविभेदकारी उपायहरु उपलब्ध गराउनुपर्छ।

२१.४ राज्यहरुले आफ्ना कार्यान्वयन निकायको प्राविधिक विशिष्टतासँग सम्बन्धित विवादहरु जस्तै भूमिको नापजाँच सँग सम्बन्धित निकायले राष्ट्रिय सन्दर्भमा व्यक्तिहरुबीच हुने साँध सिमानाको विवाद हेर्न सक्ने गरी त्यस्ता निकायलाई प्रयोग गर्न विचार गर्न सक्नेछन् । यस्ता निकायहरुको निर्णय लिखित एवंम् बस्तुगत कारणमा आधारित हुनुपर्छ र त्यस्तो निर्णयका बिरुद्ध न्यायिक निकायमा पुनरावेदन गर्ने अधिकार हुनुपर्दछ ।

२१.५ राज्यहरुले विवाद समधानको प्रकृयामा हुने भ्रष्ट्राचार रोक्न प्रयास गर्नुपर्दछ ।

२१.६ विवाद समधानको संयन्त्र उपलब्ध गराउँदा राज्यहरुले जोखिममा परेका र सीमान्तकृत व्यक्तिहरुलाई विना भेदभाब न्यायमा सुरक्षित पहुँच सुनिश्चित गर्नको लागि कानुनी सहायता प्रदान गर्न प्रयास गर्नुपर्छ । न्यायिक निकाय र अन्य निकायहरुले त्यस्तो कानुनी सहायता प्रदान गर्नको लागि आफ्ना कर्मचारीहरुमा आवश्यक सीप र क्षमता रहेको कुराको सुनिश्चितता गर्नुपर्दछ ।

## २२. अन्तरदेशीय सवालहरु

२२.१ राज्यहरुले प्रभावित पक्षहरुको सहभागितामा उपयुक्त संयन्त्रको प्रारुप तयार गरी राष्ट्रिय सीमा भन्दा परका भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकार सँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्न सहयोग पुऱ्याउनु पर्दछ । यस क्रममा राज्यहरुले आफ्ना सबै कामकारवाहीहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा सिर्जित दायित्वसँग अनुकूल हुने गरी र आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धतालाई समेत उचित रुपले सम्मान पुऱ्याइएको कुराको सुनिश्चितता गर्नुपर्छ । भोगचलन र स्वामित्वको अधिकारसँग सम्बन्धित अन्तरदेशीय विषयहरु उत्पन्न भएमा राज्यहरुले भोगचलन र स्वामित्वको अधिकार एवंम् आफ्नो क्षेत्रमा बसाइसराई गरी आउने मानिसहरुको जोखिम र खाद्य सुरक्षाको संरक्षणको लागि पारस्परिक रुपमा मिलेर कार्य गर्नुपर्छ ।

२२.२ राज्य तथा अन्य पक्षहरुले अन्तर्राष्ट्रिय सीमामा पर्ने घाँसे मैदान वा गोठालाहरुको मौसमी बसाइसराईको मार्ग र साना माझीहरुको माछा मार्ने स्थान जस्ता क्षेत्रको भोगचलन, स्वामित्व, र अधिकार सम्बन्धी अन्तरदेशीय विषयहरुबाट समुदायलाई पर्ने प्रभावलाई बुझ्नको लागि योगदान गर्नुपर्दछ ।

२२.३ राज्यहरुले भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्था सम्बन्धी आफ्ना कानुनी मापदण्डहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका दायित्वहरु अनुकूल हुने गरी र आफू संबद्ध क्षेत्रीय एवंम् अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वेच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान गर्ने गरी आवश्यकता अनुसार एकरुपता कायम गर्नुपर्छ । यसक्रममा संबद्ध क्षेत्रीय निकाय र प्रभावित पक्षहरुसँग समन्वय गर्नुपर्छ । अन्तर्राष्ट्रिय सिमाना पार गर्ने भोगचलन र स्वामित्व सम्बन्धी अधिकारलाई व्यवस्थित गर्नको लागि राज्यहरुले आवश्यकता अनुसार प्रभावित पक्षहरुको सहभागितामा विद्यमान अन्तर्राष्ट्रिय संयन्त्रलाई विकसित र सुदृढ गर्नुपर्छ । राज्यहरुले यस क्रममा आवश्यकता अनुसार संबद्ध क्षेत्रीय निकायहरुसँग समेत समन्वय गर्नुपर्छ । खासगरी जीविका र यस निर्देशिकाको अनुच्छेद ४.८ बमोजिम, प्रभावित सबैको अधिकारको संरक्षणका लागि यसो गर्नु पर्छ ।

५

भाग ६

# जलवायु परिवर्तन र संकटको सम्बोधन

यस भागमा जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र द्वन्द्वहरुको सन्दर्भमा भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी शासन व्यवस्थालाई सम्बोधन गरिएको छ।

## २३. जलवायु परिवर्तन

२३.१ राज्यहरुले सबै व्यक्तिहरु, समुदाय वा प्रभावित हुनसक्ने पक्षहरुको, खासगरी कृषक, साना खाद्यवस्तु उत्पादकहरु, जोखिममा परेका र सीमान्तकृत जनताको भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन र स्वामित्वको बैध अधिकारहरु कानुन, नीति, रणनीति तथा कृयाकलापद्वारा सम्मान र संरक्षण गरिएको सुनिश्चिता दिलाउनु पर्दछ, यसो गर्दा आवश्यकता अनुसार जलवायु परिवर्तनको सम्झौता अन्तर्गतका दायित्वहरु अनुकूल हुने गरी जलवायु परिवर्तनको प्रभावलाई रोक्ने र सम्बोधन गर्ने लक्ष्य लिनुपर्छ।

२३.२ राज्यहरुले आवश्यकता अनुसार जलवायु परिवर्तनको कारणबाट विस्थापित हुनसक्ने व्यक्तिहरु, महिला तथा पुरुषको सहभागिता र उनीहरुको परामर्शमा रणनीति र कृयाकलापहरुको तर्जुमा र कार्यान्वयन गर्नुपर्छ। विस्थापित भएका व्यक्तिहरुको लागि वैकल्पिक भूमि, मत्स्यक्षेत्र तथा वनजंगल र जीविकाको व्यवस्था गर्दा अरु व्यक्तिहरुको जीविका माथि प्रतिकूल असर पर्नु हुँदैन। राज्यहरुले साना टापुका मुलुकहरु र अन्य विकासशील राज्यहरुलाई विशेष सहयोग उपलब्ध गराउने तर्फ विचार गर्न सक्दछन।

२३.३ राज्यहरुले प्रस्तुत निर्देशिकाहरुमा उल्लेखित परामर्श र सहभागिता सम्बन्धी सिद्धान्तहरुको अनुकूल हुने गरी भोगचलन र स्वामित्वको बैध अधिकार रहेका सबै व्यक्तिहरु, समुदायहरु र विशेषगरी कृषक, साना खाद्यान्न उत्पादकहरु तथा जोखिममा परेका र सीमान्तकृत व्यक्तिहरुलाई जलवायु परवर्तन र अन्य संकटका प्रभावहरुलाई घटाउने र सोको लागि गरिने कार्यक्रमको वार्ता तथा कार्यान्वयनमा सहभागी गराउन सहजीकरण गर्नुपर्दछ।

## २४. प्राकृतिक प्रकोपहरु

२४.१ सबै पक्षहरुले प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी एवम् प्रकोपको व्यवस्थापन गर्दा भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी सवालहरुलाई सम्बोधन गरिएको सुनिश्चिता दिलाउनु पर्छ। प्राकृतिक प्रकोपका सम्भाव्य प्रभावहरु हटाउन तथा न्यूनीकरण गर्न भूमिको व्यवस्थित प्रयोग सम्बन्धी योजना लगायत भोगचलन, स्वामित्व र अधिकारका नियमनकारी संरचनाहरु निर्माण गर्नुपर्छ।

२४.२ राज्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका मौजुदा दायित्वहरु अनुकूल हुने गरी र आफू संबद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरुलाई उचित सम्मान हुने गरी आफ्ना सम्पूर्ण कृयाकलापहरु सञ्चालनमा रहेको सुनिश्चित गर्नुपर्छ । सबै पक्षहरुले शरणार्थीहरु तथा विस्थापित व्यक्तिहरुको लागि आवास तथा फिर्ता सम्बन्धी संयुक्त राष्ट्र संघका सिद्धान्तहरु र प्राकृतिक प्रकोपको सम्बोधन सम्बन्धी मानवीय बडापत्र र न्यूनतम मापदण्ड लगायतका संबद्ध अन्तर्राष्ट्रिय सिद्धान्तहरुलाई ध्यानमा राखी कार्य गर्नुपर्छ ।

२४.३ राज्यले प्रकोपको रोकथाम र पूर्वतयारी कार्यक्रमहरुमा भोगचलन, स्वामित्व र अधिकारको विषयलाई सम्बोधन गर्नुपर्छ । प्रभावित हुन सक्ने क्षेत्रहरु अन्तर्गत यी निर्देशिकाहरुले स्थापित गरेको परामर्श तथा सहभागिताको सिद्धान्त अनुरुपको प्रकृयाबाट बैध भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी जानकारीहरु सङ्कलन गरिनु पर्छ । बैध भोगचलन र स्वामित्वको अधिकारको अभिलेख राख्ने प्रणाली प्राकृतिक प्रकोपलाई सामना गर्न सक्ने किसिमको अभिलेखको बैकल्पिक भण्डारण सहितको हुनुपर्छ, जसले, भोगचलन र स्वामित्वको अधिकारवालाहरुलाई आफ्नो भूमिको अधिकार प्रमाणित गर्न र तिनको कित्ता तथा अन्य कित्ताहरुलाई पुनर्स्थापन गर्न सहज होस । । राज्यले प्राकृतिक प्रकोपबाट विस्थापित हुन सक्ने व्यक्तिहरुको लागि अस्थायी पूनर्स्थापनाका लागि ठाँउको पहिचान गरिराख्नु पर्छ र त्यस्ता ठाउँहरुमा भोगचलन, स्वामित्व र अधिकारको सुरक्षा उपलब्ध गराउन नियमहरु स्थापित गरिनु पर्छ ।

२४.४ राज्य तथा अन्य पक्षहरुले भोगचलन, स्वामित्व र अधिकारको विषयलाई संकटकालीन व्यवस्थापनको चरणमा सम्बोधन गर्नुपर्छ । प्राकृतिक प्रकोपका कारण विस्थापित भएका व्यक्तिहरुको लागि बैकल्पिक भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको व्यवस्था गर्ने प्रावधानले अन्य व्यक्तिको अधिकार तथा जीविकामा हानी पुऱ्याउनु हुँदैन । विस्थापित भएका व्यक्तिहरुको भोगचलन र स्वामित्व सम्बन्धी अधिकारलाई समेत मान्यता, सम्मान र सुरक्षित गरिनुपर्छ । भोगचलन र स्वामित्वको अधिकार तथो अनधिकृत प्रयोग सम्बन्धी जानकारीहरु सबै प्रभावित व्यक्तिहरुसम्म पुऱ्याइनुपर्छ ।

२४.५ राज्य तथा अन्य पक्षहरुले भोगचलन, स्वामित्व र अधिकारको विषयलाई पूनर्निर्माणको चरणमा सम्बोधन गर्नुपर्छ । अस्थायी रुपमा विस्थापित भएका व्यक्तिहरुलाई आफ्नो वासस्थानको मूल थलोमा स्वेच्छाले, सुरक्षितपूर्वक र आत्मसम्मानका साथ फिर्तिका लागि सहयोग पुऱ्याउनुपर्छ । भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी विवादहरुको निरुपण गर्ने उपायहरुको व्यवस्था गर्नुपर्छ । कित्ताहरु तथा अन्य भूमि इकाइहरुको सीमालाई पूनर्स्थापित गर्नुपरेमा यी निर्देशिकाहरुद्वारा स्थापित परामर्श तथा सहभागिताको सिद्धान्त अनुकूल हुने गरी गर्नुपर्छ । विस्थापित व्यक्तिहरु आफ्नो वासस्थानको मूल थलोमा फर्कन असमर्थ भएको अवस्थामा उनीहरुलाई अन्यत्र स्थायी रुपले पूनर्स्थापित गराउनुपर्छ । यसरी पूनर्स्थापना गर्दा विस्थापित भएका व्यक्तिहरुले बैकल्पिक भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमा सुरक्षित पहुँच प्राप्त गर्न सकुन र यस्तो पहुँचले अन्य व्यक्तिको अधिकार तथा जीविकामाथि असर नपुगोस् भन्ने कुराको सुनिश्चितताको लागि स्थानीय समुदायहरुसँग राज्य तथा अन्य पक्षहरुले वार्ता गर्नुपर्छ ।

## २५. भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारसँग सम्बन्धित द्वन्द्वहरु



२५.१ सबै पक्षहरुले भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन, स्वामित्व र अधिकारको विषयलाई द्वन्द्वको कारक हुनबाट जोगाउन र त्यस्तो अवस्था उन्मुलन गर्न कदम चाल्नु पर्दछ र यस सम्बन्धी सम्पूर्ण विषयहरुलाई द्वन्द्वपूर्व, द्वन्द्वको दौरान र द्वन्द्वपश्चात तथा भोगचलन भएको अवस्था समेतलाई सबै पक्षले प्रचलित अन्तर्राष्ट्रिय मानवीय कानुनका आधारमा काम गरी सम्बोधन गरिएको सुनिश्चित गरिनु पर्छ ।

२५.२ राज्यले उपयुक्तता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका मौजुदा दायित्वहरु अनुकूल हुने गरी र आफू संबद्ध क्षेत्रीय एवंम् अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्गतका स्वैच्छिक प्रतिबद्धताहरु जस्तै शरणार्थीको

हैसियत सम्बन्धी अभिसन्धि र यसको आलेख एवंम् शरणार्थी तथा विस्थापित व्यक्तिहरुको निम्ति आवास तथा सम्पत्ति पूनर्स्थापना सम्बन्धी संयुक्त राष्ट्र संघीय सिद्धान्तहरुलाई उचित सम्मान गर्दै आफ्ना सबै कृयाकलापहरु सञ्चालन भएको सुनिश्चित गर्नुपर्छ। राज्यहरुले बैध भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानुनहरुलाई द्वन्द्वको दौरान र द्वन्द्वपश्चात समेत सम्मान गर्नुपर्छ।

२५.३ भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी समस्याले द्वन्द्वको सिर्जना नगरोस् भन्नका लागि सबै पक्षहरुले शान्तिपूर्ण उपायहरुको माध्यमबाट यस्ता समस्याहरुको निरुपणको लागि पहल गर्नुपर्छ। द्वन्द्वको लागि कारक हुन सक्ने भेदभाव तथा अन्य तत्वहरुलाई अन्त्य गर्न संबद्ध नीति तथा कानुनको पूनरावलोकन गर्नुपर्छ। भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन र स्वामित्वको अधिकार सम्बन्धी विवादहरुलाई स्वच्छ, विश्वसनीय, लैङ्गिक संवेदनशील, पहुँचयोग्य तथा अविभेदकारी उपायहरुबाट यथाशक्य छिटो निरुपण गर्नको लागि राज्यले उपयुक्तता अनुरुप परम्परागत तथा अन्य स्थानीय संयन्त्रहरुको प्रयोग गर्न सक्छ।

२५.४ द्वन्द्व उत्पन्न भएको अवस्थामा राज्य तथा अन्य पक्षहरुले प्रचलित बैध भोगचलन र स्वामित्वको अधिकारको सम्मान र संरक्षण गर्न प्रयत्नशील हुनुपर्छ र अन्य पक्षहरुले ती अधिकारहरु हरण गर्न नसकुन भनी प्रत्याभूत गर्नुपर्छ। सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिमका मौजुदा दायित्व अनुरुप राज्यले आफ्नो भू-भाग भित्र जबरजस्ती तथा हिंसात्मक तरिकाबाट प्राप्त गरेका भूमि, मत्स्यक्षेत्र तथा वनजंगलको भोगचलन र स्वामत्वि सम्बन्धी अधिकारलाई मान्यता प्रदान गर्नु हुँदैन। शरणार्थी तथा विस्थापित व्यक्तिहरु र द्वन्द्वबाट प्रभावित अन्य व्यक्तिहरुलाई स्थानीय समुदायहरुको भोगचलन सम्बन्धी अधिकारलाई प्रतिकूल असर नपर्ने गरी सुरक्षित रुपमा वसोवासको व्यवस्था गर्नुपर्छ। भोगचलन र स्वामित्व सम्बन्धी अधिकारको उल्लंघन भएमा त्यसको अभिलेखीकरण गरिनुपर्छ र उपयुक्तता अनुसार क्रमशः उपचार समेत प्रदान गर्नुपर्छ। भोगचलन र स्वामित्व सम्बन्धी अधिकारको उल्लंघनलाई सम्बोधन गर्ने सम्बद्ध प्रकृयाहरुको लागि प्रमाण उपलब्ध गराउन र सम्भाव्य सुधारात्मक कार्यलाई सहजीकरण गर्न भोगचलन र स्वामित्व सम्बन्धी अधिकारको आधिकारिक विवरणलाई हानीनोक्सानी र चोरी हुनबाट जोगाउनुपर्छ। यस्तो अभिलेख नरहेको स्थानहरुमा प्रचलित भोगचलनको अधिकारलाई लैङ्गिक संवेदनशील तरिकाबाट एवंम् मौखिक इतिहास र साक्षीहरुको माध्यमबाट सम्भव भएसम्म उत्कृष्ट रुपले अभिलेखन गर्नुपर्छ। शरणार्थी तथा विस्थापित भएका व्यक्तिहरुको बैध भोगचलन र स्वामित्वको अधिकारलाई सम्मान, मान्यता र संरक्षण प्रदान गर्नुपर्छ। भोगचलन र स्वामित्वको अधिकार र यसको अनाधिकृत प्रयोगबारेको जानकारी सबै प्रभावित व्यक्तिहरुलाई दिनुपर्छ।

२५.५ द्वन्द्वको स्थितिमा सम्भव भएसम्म वा द्वन्द्वहरु टुङ्गिएको अवस्थामा राज्य तथा अन्य पक्षहरुले भोगचलन, स्वामित्व र अधिकारका समस्याहरुलाई लैङ्गिक समानतामा योगदान पुऱ्याउने गरी र प्रभावित सबैका समस्याहरुको दिगो समाधान गर्न सहयोग पुग्ने गरी सम्बोधन गरिएको कुराको सुनिश्चित गर्नुपर्छ। पुनर्प्राप्ति सम्भव भएको स्थानमा र उपयुक्तता अनुसार संयुक्त राष्ट्र संघीय शरणार्थी सम्बन्धी उच्च आयोग तथा अन्य संबद्ध निकायहरुको सहयोगमा संबद्ध अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप शरणार्थी एवंम् विस्थापित भएका व्यक्तिहरुलाई आफ्नो वासस्थानको मूलथलोमा स्वेच्छाले, सुरक्षित पूर्वक र आत्मसम्मानका साथ फर्कन सहयोग पुऱ्याउनुपर्छ। पुनर्प्राप्ति, पूनर्स्थापना र परिपूरणको कार्यविधिहरु अविभेदकारी, लैङ्गिक संवेदनशील र व्यापक रुपमा प्रचारप्रसार गरिएको हुनुपर्छ र पुनर्प्राप्तिका दाबीहरुलाई यथाशीघ्र कारवाहीको प्रकृयामा ल्याउनुपर्छ। आदिवासी तथा प्रथाजनित भोगचलन, स्वामित्व र अधिकारको प्रणाली रहेका समुदायहरुको लागि पुनर्स्थापना सम्बन्धी प्रकृयाले सूचनाको परम्परागत स्रोतहरुको प्रयोग गर्ने व्यवस्था गर्नुपर्छ।

२५.६ पुनर्प्राप्ति सम्भव नभएको अवस्थामा शरणार्थी तथा विस्थापित व्यक्तिहरुको लागि गरिने बैकल्पिक भूमि, मत्स्यक्षेत्र तथा वनजंगल एवंम् जीविकाको सुरक्षित पहुँचको व्यवस्थाले अन्य व्यक्तिको अधिकार तथा जीविकामाथि असर नपुगोस् भन्नका लागि स्थानीय समुदाय एवंम् अन्य समुदायहरुसँग वार्ता गर्नुपर्छ। सम्भव भएसम्म विशेष प्रकृयाद्वारा विधवा, टुहुरा लगायतका जोखिममा परेका वर्गलाई भूमि, मत्स्यक्षेत्र तथा वनजंगलमा सुरक्षित पहुँच उपलब्ध गराउनुपर्छ।

२५.७ द्वन्द्वपूर्वका र द्वन्द्वरत अवस्थामा सिर्जना भएका विभेदहरुलाई सम्बोधन गर्न उपयुक्तता अनुसार नीति तथा कानुनहरुको पुनरावलोकन गर्नुपर्छ। भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्थाका लागि आवश्यक पर्ने सेवाहरुको प्रवाह गर्न उपयुक्तता र आवश्यकता अनुरुप आवश्यक निकायहरुको पुनर्स्थापना गर्नुपर्छ।

# प्रबर्द्धन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

२६.१ यी निर्देशिकाहरु स्वैच्छिक प्रकृतिका भएकाले यिनको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व राज्यहरु संग रहेको छ ।

२६.२ यी निर्देशिकाहरुको कार्यान्वयनमा सहयोग गर्न; आ-आफ्नो क्षेत्राधिकार भित्र यिनको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्यांकन गर्न; र भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्थामा गरिएको सुधार तथा राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा उपयुक्त खाद्यमा अधिकारको बढोत्तरीको अनुभूतिमा सुधार एवम् दीगो विकासको प्रभाव मूल्यांकनका लागि राज्यहरुले स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय तहमा बहुसरोकारवालाहरुको मञ्च तथा संरचनाहरु निर्माण गर्न र हाल विद्यमान यस प्रकारका मञ्च एवम् संरचनाहरुको उपयोग गर्न राज्यहरुलाई प्रोत्साहित गरिन्छ । यस प्रकारका मञ्च एवम् संरचनाहरुको निर्माण प्रक्रिया समावेशी, सहभागितामूलक, लैङ्गिक रुपले संवेदनशील, कार्यान्वयनयोग्य, लागत प्रभावकारी र दिगो समेत हुनुपर्छ । यी कार्यहरु गर्दा राज्यहरुले क्षेत्रीय र अन्तर्राष्ट्रिय निकायहरुबाट प्राविधिक सहायताको अपेक्षा गर्न सक्छन ।

२६.३ यी निर्देशिकाहरु कार्यान्वयनको क्रममा राज्यहरुले गरेका स्वेच्छिक प्रयासहरुमा दक्षिण-दक्षिण सहयोग लगायतका विधि मार्फत सघाउ पुऱ्याउन विकासका साझेदारहरु, संयुक्त राष्ट्रसंघका विशिष्टीकृत निकायहरु र क्षेत्रीय संगठनहरुलाई प्रोत्साहित गरिन्छ । यस्ता सहयोगहरु अन्तर्गत प्राविधिक सहयोग, वित्तीय सहायता, संस्थागत क्षमता विकास, ज्ञान तथा अनुभवको आदान प्रदान, भोगचलन, स्वामित्व तथा अधिकार सम्बन्धी राष्ट्रिय नीतिहरुको तर्जुमामा सहयोग र प्रविधि हस्तान्तरण पर्छन् ।

२६.४ विश्व खाद्य सुरक्षा समिति त्यस्तो विश्वव्यापी मञ्च हुनुपर्छ जसमा संबद्ध सबै कर्ताहरुले एक अर्काको अनुभवबाट सिक्न सक्ने र यी निर्देशिकाहरुको कार्यान्वयनमा भइरहेको प्रगति, कार्यान्वयनको सान्दर्भिकता, प्रभावकारिता र प्रभावको मूल्याङ्कन गर्ने अवसर प्राप्त होस । त्यसैले विश्व खाद्य सुरक्षा समितिको सचिवालयले परामर्शदाता समुहहरुको सहयोगमा यी निर्देशिकाहरुको कार्यान्वयनमा भइरहेको प्रगति, प्रगतिको प्रभाव र त्यसले भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्थाको सुधारमा गरेको योगदानको सम्बन्धमा विश्व खाद्य सुरक्षा समितिलाई प्रतिवेदन दिनुपर्छ । यस्ता प्रतिवेदनहरु विश्वव्यापी हुनुका साथै यसले अन्य कुराहरुका अतिरिक्त क्षेत्रीय अनुभव, उत्तम अभ्यास र हासिल भएका पाठ समेत समावेश गर्नु पर्दछ ।

२६.५ नागरिक समाजका संगठनहरु, नीजिक्षेत्र लगायतका सबै पक्षहरुलाई राष्ट्रिय प्राथमिकता र सन्दर्भ अनुकूल हुने गरी यी निर्देशिकाहरुको कार्यान्वयनको निमित्त सामुहिक प्रयास गर्न प्रोत्साहित गरिन्छ । सबै पक्षहरुलाई अभ्यासहरुमा सुधार गर्ने प्रयोजनको लागि भोगचलन, स्वामित्व र अधिकारको जिम्मेवारपूर्ण शासन व्यवस्था सम्बन्धी सूचनाहरु प्रचारप्रसार गर्न प्रोत्साहित गरिन्छ ।

# भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्था

प्रस्तुत निर्देशिकाहरु भोगचलन, स्वामित्व र अधिकार सम्बन्धी विस्तृत एवं विश्वव्यापी पहिलो संयन्त्र हो र यसको प्रशासनको तयारी अन्तरसरकारी वार्तालाभद्वारा गनुपर्ने हुन्छ। भूमि, मत्स्य तथा जङ्गलहरुको उपयोग एवं नियन्त्रणको लागि सैद्धान्तिक र अन्तर्राष्ट्रिय मान्यता प्राप्त मापदण्ड अनुरुप यस निर्देशिकामा आवश्यक अभ्यासहरु समावेश गरि एका छन्। यिनले नीति, कानून तथा संगठनात्मक ढांचामा सुधार गर्न मार्गदर्शन प्रदान गर्दछ जसले भोगचलन र स्वामित्वको अधिकारको नियमन गर्नको लागि भोगचलन, स्वामित्व र अधिकार प्रणालीको पारदर्शीता तथा कार्यान्वयन सुधार तथा सार्वजनिक निकाय, निजी क्षेत्रका व्यवसायीहरु, नागरिक समाज तथा भोगचलन, स्वामित्व र अधिकार एवं तिनको शासनमा सम्बन्ध रहेका जनताहरुको क्षमता विकास तथा संचालनमा सबल बनाउन दिशार्निदेश गर्दछ। यी निर्देशिकाहरुले भोगचलन, स्वामित्व र अधिकारको शासन व्यवस्थालाई राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भ अर्न्तगत प्रस्तुत गर्दछ र यी निर्देशिकाहरुको उद्देश्य उपयुक्त खाद्यमा अधिकारको बढोत्तरीको अनुभूति, गरिवी निवारण, वातावरणीय संरक्षण तथा दिगो सामाजिक तथा आर्थिक विकासमा योगदान दिनु रहेको छ।

www.fao.org/nr/tenure

ISBN 978-92-5-007277-7

9 789250 072777

I2801Ne/1/07.16